वर्ष : २०, अंक : २१, काठमाडौं, २०८१ कार्तिक २ गते शुक्रबार, 18 October, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित —————— www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## ‘आपद–विपदमा सीमा आरपारका नागरिकहरू एकआपसका सहयोगी’

जनकपुरधाम । चुरे विनाशका कारण नेपालको हिमाल, पहाड र मधेशका साथै भारतको विहार र उत्तर प्रदेशलाई पनि व्यापक क्षति भइरहँदा समेत दुवै देशको सरकार उदासीन बन्नु चिन्ताजनक रहेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । नेपाल-भारत खुला सीमा संवाद समूहको आयोजनामा जनकपुरधाममा शुक्रबार आयोजित ‘बाढ विपद : आर और पार’ विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले यस्तो धारणा राखेका हुन् ।



कार्यक्रमका अधिकांश वक्ताहरुले चुरे विनाशका कारण नदीहरु पुरिएर बहाव नियन्त्रणभन्दा बाहिर गएपछि मधेश र विहारमा भइरहेको व्यापक क्षति रोक्न दुवै देशका सरकारहरु उत्सुकता नदेखाएको आरोप लगाए ।

सोहि कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेस मधेश प्रदेशका सभापति तथा पूर्वमन्त्री कृष्णा यादवले चुरे विनाशको सवालमा आफूले पटक-पटक पार्टीको केन्द्रीय समितिमा पनि आवाज उठाँउदा समेत कुनै सुनुवाई भइनरहेको बताएका छन् । ‘चुरेमा सुकुमवासीभन्दा हुकुमवासीहरु घर बनाएर त्यहाँका गिट्टी, बालुवा, काठ दाउरा तस्करी गरेहेको सवालमा मैले आवाज उठाउने गरेको छु’, उनले भने, ‘म पार्टीमा पनि भन्ने गर्छु म पहिला मधेशी हुँ अनि पछि कांग्रेसी हुँ ।’

उनले नेपालको हरेक आपदा विपदामा भारत सरकार पहिलो सहयोगीको भूमिकामा रहे पनि नेपाल सरकारका केही व्यक्ति त्यसो हुनबाट रोकिरहेको र भारतलाइ गाली गरी ठूलो नेता बन्न नेपालमा होड चलेको बताएका थिए ।

कार्यक्रमको प्रारम्भमा एक कार्यपत्र प्रस्तुत गर्दै नेपाल-भारत खुला सीमा संवाद समूहका केन्द्रीय अध्यक्ष डा. राजीव झाले सन् २००८ मा कोशीको तटबन्ध फुट्दा हजारौंले ज्यान गुमाएको, नेपाल र भारतका ३० लाख मानिस प्रभावित भएको सहितका दृष्टान्त प्रस्तुत गरेका थिए । ‘पानी स्वभाविक उचाईबाट तल, उत्तरबाट दक्षिण बग्ने नै हो । न नेपालले रोक्न सक्छ न त भारतले छेक्न सक्छ । हामी भाग्यमानी छौं कि हामीसँग पर्याप्त पानी वर्षायाममा हुन्छ तर दुर्भाग्य त्यसको सहि सदुपयोग गर्न नसक्दा यसले बिनास निम्त्याउने गरेको छ’, उनले थपे ।

राष्ट्रिय मुक्ति क्रान्ति नेपालका नेतासमेत रहेका डा.झाले भने, ‘चुरे दोहनको कारण पहाडमा पानी रुकिरहेको छैन र पानीको आत्यधिक चापले अनियन्त्रित भई नेपाल र भारत दुबैतिर क्षति पुऱ्याइरहेको छ ।’ वर्षायामभन्दा पहिले बाढी नियन्त्रणका लागि संयुक्त रुपमा काम गर्न नेपाल सरकारलाई भारत सरकारसँग समन्वय गर्न अनुरोध गर्नु पर्ने उनले बताए । सिमा आरपार बस्नेहरु आपद विपदको बेला एक आपसमा सहयोग गरी बसेको उनले धारणा राखे ।

भारत विहारका वरिष्ठ पत्रकार ललित झाले नदी बचाउन सबैभन्दा पहिला आफैबाट सुधारको प्रयास गर्नुपर्ने र माटो तथा जमिनलाई साँस फेर्न अवरोधक मानिएका पोलिथिन, प्लाष्टिकको प्रयोग बन्द गर्दै पर्यावरण संरक्षक वृक्षलाई नाश गर्ने कार्य बन्द गरी वृक्षारोपण गर्नुपर्ने बताएका छन् ।

कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डल, नागरिक समाजका अगुवा मुरली मनोहर मिश्रा,

बाँकी पृष्ठ २ मा

## प्रोग्रेसिव एलाइन्सको सदस्यमा जसपा नेपाल सर्वसम्मत निर्वाचित



काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपाल प्रोग्रेसिव एलाइन्सको सर्वसम्मत सदस्य निर्वाचित भएको छ । चिलीको राजधानी स्यान्टीयागोमा अक्टोबर ५ र ६ तारिखमा आयाजित प्रोग्रेसिव एलाइन्सको ग्लोबल कन्भेन्सनबाट जसपा नेपाल सदस्यमा सर्वसम्मत निर्वाचित भएको हो । यससँगै १९० देशका राजनीतिक पार्टीहरु सदस्य रहेको प्रोग्रेसिव एलायन्सको जसपा नेपाल सदस्य पार्टी भएको छ । प्रोग्रेसिव एलाइन्स सम्पूर्ण महादेशहरुका समाजवादी, सामाजिक लोकतान्त्रिक, श्रमिक र प्रगतिशील पार्टीहरुको अन्तर्राष्ट्रिय संगठन हो । प्रगतिशील र अन्तर्राष्ट्रिय ऐक्यबद्धताको युगको लागि स्वतन्त्रता, सामाजिक न्याय, मानव अधिकारको रक्षा, लैङ्गिक विभेद, सामाजिक आर्थिक तथा जातिय विभेद, असमानता र उत्पीडनको अन्त्य, पर्यावरणीय सुरक्षाजस्ता अवधारणाहरुका साथ प्रोग्रेसिव एलाइन्सको कन्भेन्सन सम्पन्न भएको छ । उक्त कन्भेन्सनमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र विदेश विभाग प्रमुख अर्जुन थापाले पार्टीको तर्फबाट प्रतिनिधित्व गरेका थिए ।

## पूर्वप्रदेश प्रमुखद्वारा ४५औं पटक रक्तदान

काठमाडौं । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा.राजेश अहिराजले ४५औं पटक रक्तदान गरेका छन् । काठमाडौंको नक्सालस्थित रहेको देव कर्नर सेवा समितिले नयाँ रोडमा आइतबार आयोजना गरेको रक्तदान कार्यक्रममा पूर्वप्रदेश प्रमुख डा.अहिराजले रक्तदान गरेका हुन् ।




देव कर्नर सेवा समितिद्वारा आयोजित खुल्ला रक्तदान कार्यक्रममा आफ्नो अमूल्य रगत प्रदान गरी महादान गरेको भनी डा.अहिराजलाई प्रशंसा पत्रसमेत प्रदान गरिएको छ । प्राकृतिक प्रकोपले देशमा रगतको समस्या रहेको भन्दै उनले हरेक जिम्मेवार र सक्षम अगुवाहरुले रक्तदान गरिदिदा एउटा अरुमा पनि हौसला प्रदान हुने धारणा राखेका छन् । उनले भने, ‘देशमा रगतको समस्या कायम रहेकोले सबै सक्षम जनप्रतिनिधि, समाजका अगुवा, राष्ट्रसेवक र बुद्धिजीवीहरुलाई रक्तदान गरिदिन आग्रह गर्दछु ।’

## मधेशका जिल्लालाई संकटग्रस्त घोषणा गर्न माग

काठमाडौं । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले सरकारले बाढीपहिरोबाट संकटग्रस्त जिल्ला घोषणा गर्दा विभेद गरिएको भन्दै त्यसलाई सच्याउन माग गरेका छन् । बाढीपहिरोले अतिप्रभावित रौतहट सहित मधेशका जिल्लालाई समेत संकटग्रस्त घोषणा गर्नुपर्ने उनले जनाएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी समितिको शुक्रबार बसेको बैठकले १४ जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो । सोलगत्तै पूर्वमन्त्री साहले सरकारको उक्त निर्णयको विरोध गरेका हुन् ।

उनले १४ जिल्लालाई मात्र विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नु गैरजिम्मेवार एवं सम्प्रदायिकताको पराकाष्ठा भएको संज्ञा दिए । उनले सरकारलाई उक्त निर्णय तुरुन्त सच्याउन विशेष आग्रह गरेका छन् ।



‘बाढीपहिरोबाट प्रभावित जिल्लाहरुमा सरकारले १४ जिल्लालाई मात्र विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नु गैरजिम्मेवार एवं सम्प्रदायिकता प्रकाष्टा, यसलाई तुरुन्त सच्याउन बिशेष आग्रह’ आजपा अध्यक्ष साहले भनेका छन् ।

शिक्षा, स्वास्थ्य लगायतका बिषयमा तराई मधेससंग विभेद गर्दै आएको प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले बाढीपहिरोबाट प्रभावित जिल्लालाई संकटग्रस्त घोषणा गर्दा सम्प्रदायिक सोचले ग्रस्त सरकारले विपदमा समेत मधेससंग विभेद गरेको उनले जनाएका छन् ।

साहले बाढीबाट मधेश प्रदेशका जिल्लाहरु अति प्रभावित बनेको र अहिलेपनि हजारौंको संख्यामा मधेसका नागरिक विस्थापित हुनु परेको बताएका छन् । रौतहट, सप्तरी, सर्लाही, धनुषा, बारा, सिराहाका जनता अहिलेपनि बाढीबाट प्रत्यक्ष प्रभावित बनेको बताउँदै उनीहरुलाई विभेद गर्नु राज्यको चरम लापरवाही र उदासिनता भएको उनको टिप्पणी छ ।

बागमती, कोशी, लालबकैया लगायतका नदीमा आएको बाढी एवं बर्षाले प्रभावित मधेसका नागरिक अझै कष्टपूर्ण जिवन जिउन बाध्य भएका छन् । तर सरकार संकटग्रस्त जिल्ला घोषणा गर्दा मधेससंग पहिले देखी गर्दै आएको विभेद एवं सम्प्रदायिक चरित्र अहिले पनि कायम राखेको छ ।

सरकारले घोषणा गरेका संकटग्रस्त १४ जिल्लामा ताप्लेजुङ, काभ्रे, पाँचथर, काठमाडौं, संखुवासभा, ललितपुर, सोलुखुम्बु, भक्तपुर, दोलखा, सिन्धुली, रामेछाप, मकवानपुर, सिन्धुपाल्चोक र धादिङ रहेका छन् ।

## पोखरीयाको आन्दोलनप्रति राष्ट्रिय मुक्ति क्रान्ति नेपालको ऐक्यबद्धता

काठमाडौं । पर्सा जिल्लाको पोखरीया नगरपालिका अर्थात जिल्लाको दोश्रो सदरमुकामको रूपमा परिचित पोखरीयामा भइरहेको आन्दोलनप्रति राष्ट्रिय मुक्ति क्रान्ति नेपालले ऐक्यबद्धता जनाएको छ ।

राष्ट्रिय मुक्ति क्रान्तिका राष्ट्रिय सदस्य तथा केन्द्रीय नेता नेजामुद्दिन समानीको अगुवाइमा असोज १३ गतेबाट भैरहेको अनिश्चितकालीन धर्नाप्रति राष्ट्रिय मुक्ति क्रान्तिको गम्भीर ध्यानाकर्षण भएको अध्यक्ष राजेन्द्र महतोले जनाएको छ ।

राष्ट्रिय मुक्ति क्रान्तिका अध्यक्ष महतोले एक विज्ञप्ति जारी गर्दै ‘लोकतन्त्रमा एकजना जनता पनि कुनै विषयमा असन्तुष्ट भै आफ्नो माग मुद्दा अगाडि सारे राज्यले तत्काल सम्बोधन गर्नु पर्दछ तर आज ११ दिन देखि लगातार पोखरीयावासी आन्दोलनमा बस्दा पनि तीनै तहको सरकार मौन बस्नुले गैरजिम्मेवारीताको हद नाघेको मात्रै होइन कि लोकतन्त्र र गणतन्त्र विरोधी पनि रहेको प्रष्ट भएको छ।’ उल्लेख गरेका छन् ।

आम जनताको आधारभुत आवश्यकता र दैनिक कामकाज सहज बनाउने उदेश्यले राखिएका सबै माग मुद्दाहरु तत्काल वार्ता र सम्वादको माध्यमले समाधान गर्न तीनै तहको सरकारसँग आग्रह गर्न उनले भनेका छन् । ‘रोम जलिरहदा निरोहरुले बासुरी बजाएर बसेको जस्तो व्यवहार नगर्न सचेत गराउन चाहन्छौं। अन्यथा यसबाट उत्पन्न हुने भयानक र असहज स्थितिको लागि तीनै तहको सरकार जिम्मेवार हुनुपर्ने छ।’ उनले विज्ञप्तिमा उल्लेख गरेका छन् ।




## सम्पादकीय

# किसानको चिन्ताप्रति सरकार उदासीन

मधेशलाई अन्नको भण्डार मानिन्छ तर त्यहि अन्नको भण्डारमा बेमौसमी अविरल वर्षाले अन्नबाली सखाप पार्दा संघ र प्रदेश सरकारसँग कुनै योजना छैन । अन्नको भण्डार मानिने मधेशका जिल्लाहरूमा अहिले बेमौसमी अविरल वर्षाका कारण खेतमा धान डुबेको छ । किसानले धान काटेर खेतमा सुकाए पनि धान थन्क्याउन नपाउँदा नै वषौले सबै धान सखाप पारेको छ । दसैं सकिएलगत्तै धान भित्र्याउन खेत पस्नुपर्ने किसान बेमौसमी वर्षाले समस्यामा परेका छन् । निरन्तर वर्षाले खेतमा बाला झुलेर काट्न तयार भएका धानका बोट लडेर पानीमा डुबेका छन् भने काटेर भित्र्याउन ठिक्क पारेको धान खेतमै डुबेको छ । समयमै मल, बीउ र सिँचाइको असुविधाबीच पनि यस वर्ष नियमित वर्षा भएकाले उत्पादन बढ्ने आसमा रहेका किसानलाई बीउ नै मासिने चिन्ता बढेको छ । वर्षामा डुबान र कटानको समस्या झेल्दै आएका किसानलाई बेमौसमी वर्षाले धान खेतीको लगानीसमेत नउठ्ने चिन्ता थपेको छ । बेमौसमी वर्षाका कारण मधेश प्रदेशका सबैजसो जिल्लामा धान बालीमा क्षति पुगेको छ । नियमित वर्षाले यस वर्ष धान उत्पादन बढ्ने अनुमान गरिएका बेला परेको आकस्मिक पानीले धान बालीमा क्षति पुर्‍याएको छ । किसानले धान काटेर सुकाउन खेतमा राखेका थिए । कतिपयले खेतमै काटेको धान थुपारेर कुन्यु बनाएका थिए । घर आँगनमा पनि काटेको धान थुपारेका थिए । खेत र आँगनमा थुपारेको धानसमेत भिजेको किसान बताउँछन् । मधेश प्रदेशको प्रमुख अन्न बाली रहेको धान प्रभावित भए यसले राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पार्ने विज्ञहरू बताउँछन् । प्रदेशभर गत वर्ष १२ लाख ४९ हजार ५ सय ४० मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष धान उत्पादन केही प्रतिशत बढ्ने विश्वास व्यक्त गरिए पनि वर्षाले क्षति पुर्‍याउने अवस्था देखिएको छ । मधेश प्रदेशको खेती प्रणाली मनसुनमै आधारित छ । पर्याप्त सिँचाइ सुविधा नहुँदा रोपाइँका लागि मनसुन नै कुर्नुपर्छ । मनसुनमा सन्तुलन कायम नहुँदा यहाँका किसान पिरोलिन्छन् । मधेशका किसानको साझा पीडा बनेका मल र जलको व्यवस्थापनमा तीनै तहको सरकार बिफल बनिसकेको छ । केन्द्र सरकार किसानको पीडाप्रति सोचेजस्तो गम्भीर छैन भने प्रदेश सरकार किसानको पीडामा मलम लगाउन सकेको छैन । मधेश प्रदेशका प्रदेशसभा सदस्यहरूले प्रदेशमा समृद्धिको आधार कृषि रहेको भन्छन् तर किसानको धान खेतमै डुब्दा उनीहरू चुप छन् । प्रदेशसभाको पहिलो बैठकदेखि नै सदस्यहरूले प्रदेश समृद्ध बनाउन समुचित सिँचाइ र कृषि उत्पादन बढाउन व्यावसायिक कृषि प्रणालीमा जोड दिँदै आएका थिए । समृद्ध प्रदेश बनाउने सपना कृषिबाट मात्र सम्भव रहेको नेताहरूको भनाइ बोलीमा मात्र सीमित यति खेर प्रमाणित भएको छ । मधेशमा जमिन जोतेर अन्न उत्पादन गर्ने समुदायको पीडालाई सरकारले सम्बोधन गर्न नसक्दा अन्न निर्यात गर्ने मधेश अहिले अन्न किनेर खानुपर्ने अत्यासलाग्दो अवस्थामा पुगेको छ । प्रदेश सञ्चालन र आर्थिक भार वहन गर्न सक्ने अधार कृषि भएकाले सरकारको प्रमुख प्राथमिकता कृषि उत्पादन बढाउनेतर्फ हुनुपर्ने अगुवा किसानहरूको भनाइ छ ।

## आपद्–विपद्मा...

उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष जितेन्द्र महासेठ, मिडिया काउन्सिलको कार्यबाहक अध्यक्ष कैलाश दास सहितकाले प्राकृतिक श्रोत साधनको दोहनका कारण यस्ता विपदा आउँदा समेत राकथाम समेत हुन नसक्नु दुःखद रहेको बताए ।

चुरे अभियानी दिपक यादवले चाइनिज कम्पनीले खुट्टी खोलामा गहिरो खाल्टो खनेर मुहाननै फेरि दिएको, हिन्दी अभियानी रमन पाण्डेले चिनले सुनियोजित तरिकाले सडक निर्माणको नाममा पहाड, खोला नाला उत्खनन् गरिरहेको जुन हाम्रो लागि दुश्मन जस्तो व्यवहार भएको धारणा राखे ।

सो अवसरमा पत्रकार श्याम सुन्दर शशी, भारतीय कम्युनिस्ट पार्टी मालेका नेता भुषन सिंह, बाढी विज्ञ रत्नेश्वर लाल कर्णले पनि बाढीको समस्या र समाधानका केही उपाय बताएका थिए ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका वडा नं. ३ का वडा अध्यक्ष दिपेन्द्र साह, शिक्षक सत्रुधन साह, नेता संजय सिंह, बिनोद ठाकुर, संतोष लाल कर्ण, प्रा.डा. वीरेन्द्र लाल कर्ण, प्राध्यापक ईश्वरकान्त झाले आ-आफ्नो मन्तव्य राखेका थिए ।

समूहका केन्द्रीय उपाध्यक्ष शिव शंकर साह हिराले स्वागत गरेको सो कार्यक्रमको सञ्चालन रास्ट्रिय मुक्ति क्रान्तिका नेता संजय चौधरीले गरेका थिए । सो अवसरमा बाढी पहिरोमा परि नेपाल भारतमा ज्यान गुमाएकाहरु प्रति मैनवत्ति प्रज्वलन र मौन धारण गरि श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

# विभाजित मधेश राजनीति : अबको बाटो



बीपी साह

> मधेशी दलका नेतृत्वहरूबीच भएका विगतका तिक्ततालाई समाप्त पार्न र विश्वासको वातावरण निर्माणमा युवा नेतृत्वले मध्यस्तताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । साथै मधेशका गैरराजनीतिक संस्थाहरूले पनि यसमा हस्तक्षेपकारी भूमिका खोल्नुपर्छ ।

नेपालको क्षेत्रीय धरातलमा उभिएर पहिचान स्थापना तथा विभेद विरुद्ध उठेको आवाजबाट स्थापित मधेश राजनीति अहिले विभाजित छ । सामाजिक विभाजन तीव्र रूपमा हुँदैछ भने आर्थिक विभाजनले निम्न र मध्यम वर्गीय मधेशीहरू बीच अविश्वासको वातावरण सिर्जना गरेको छ । जातीय प्रतिस्पर्धा भन्दा पनि द्वन्द्वको अवस्था निर्माण भएको छ भने भौगोलिक विभाजन अर्थात प्रदेश विभाजनले पनि मधेश आन्दोलन कमजोर भएको छ । मधेश प्रदेश पूर्वका तीन जिल्ला र पश्चिमका ८ जिल्लामा मधेश आन्दोलन कमजोर हुनुका साथै मधेश विमर्शमा कम हुन थालेको छ ।

पराजित राजनीतिक वातावरणको मनोवैज्ञानिक असर मधेशको नेतृत्वहरूमा परेको छ । मधेशी नेतृत्व विस्थापित र पलायन हुँदैछ भने राजनीतिक दलहरू आपसी प्रतिस्पर्धाभन्दा पनि एकअर्कालाई सिध्याउने युद्धमा उत्रिएका छन् । यसरी मधेश सामाजिक, आर्थिक, भौगोलिक र राजनीतिक रूपमा विभाजित र पराजित मानसिकतामा पुग्दा नेपालमा प्रतिगमनले वर्चस्व बढाउन थालेको छ । मधेश राजनीतिबाट स्थापित अग्रगमनकारी विधि र व्यवस्थाहरूमाथि प्रतिगमन हुने हो भने समग्र नेपालको राजनीतिक व्यवस्थामाथि दीर्घकालीन असर पर्ने र द्वन्द्व बढ्दै जानेछ ।

प्रथम संविधानसभामा बलियो रूपमा प्रस्तुत भएको मधेश राजनीति अहिले त्यति नै कमजोर भएको छ । संविधान जारी हुँदाको बखत सशक्त रूपमा प्रस्तुत भएको मधेश संघर्ष त्यसपछि पुनः उठ्न सकेको छैन । संविधानमाथिका असन्तुष्टिका विषयमा कहिले मौन विरोध त कहिले मौन समर्थनको दोसाँधमा मधेशकेन्द्रित राजनीतिक दलहरू फसेका छन् । अहिलेको अवस्थामा मधेशकेन्द्रित नेतृत्व र दलप्रति मधेशी जनताकै चरम असन्तुष्टिका कारण सडक संघर्षबाट संविधान संशोधन गराउन सक्ने अवस्था देखिंदैन । तर, मधेश आन्दोलनका एजेण्डालाई परिष्कृत र सशक्त बनाउँदै लैजान सकिने अवसरहरू प्रशस्त भए पनि त्यसप्रति ध्यान जान सकेको छैन ।

मधेश आन्दोलनको मुख्य माग राज्यमा समानता र समृद्धि हो । यसलाई विभिन्न राजनीतिक दल र तिनले लिने दृष्टिकोण अनुसार फरक-फरक व्याख्या र मागको बुँदा बनाएर प्रस्तुत गरिन्छ । पहिचानवादी दृष्टिकोणले मधेश आन्दोलनको माग पहिचानको हो भन्ने व्याख्या गर्छन् भने कतिपयले समावेशिता र आन्तरिक औपनिवेशीकरणबाट मुक्तिको संघर्षका रूपमा व्याख्या गर्दै आएका छन् । कतिपयले 'मधेशवाद' भन्ने अलग्गै दृष्टिकोण र तिनको व्याख्या गरेका छन् ।

मधेश आन्दोलनले उठाएका मागहरूको विश्लेषण गर्ने हो भने त्यो उदारवादतिर ढल्केको देखिन्छ । जहाँ मधेशीहरूको समानता, सामाजिक न्याय, लोकतान्त्रिक प्रक्रिया, आर्थिक स्वतन्त्रता, कानूनी राज्य र मानवअधिकार जस्ता विषय उठाइएको छ । जसअन्तर्गत संघीयता, समावेशिता, पहिचान मुख्य एजेण्डा हुन् ।

संविधानमा मधेश आन्दोलनले उठाएका एजेण्डाहरू समावेश नभएको भन्दै असन्तुष्टि छ । मधेशीको भौगोलिक र सांस्कृतिक पहिचानलाई ध्यानमा राखेर प्रदेश सिमांकन हुनुपर्ने, अधिकारसम्पन्न प्रदेश र प्रादेशिक स्वायत्तता हुनुपर्ने माग हो । मधेशी समुदायका लागि राष्ट्रिय र स्थानीय तहमा पर्याप्त राजनीतिक प्रतिनिधित्व वा जनसंख्याका आधारमा भागीदारीको सुनिश्चितता हुनुपर्ने माग छन् ।

मधेशी संस्कृति र पहिचानको संरक्षण, मधेशी समुदायमा हुने भेदभाव र असमानताको अन्त्यका लागि विशेष कानून, मधेश क्षेत्रमा विशेष आर्थिक विकास योजनाहरू र स्रोतको उचित वितरण लगायतका मागहरू मधेशका हुन् । नागरिकता, विशेष क्षेत्र र संरक्षित क्षेत्र लगायत अन्य मागहरू छन् ।

२०१७ सालमा राजा महेन्द्रले प्रजातान्त्रिक अधिकार खोस्दै आफूलाई राष्ट्रवादी र विकासप्रेमी भन्दै प्रतिगमन गरेका थिए । त्यही राजा महेन्द्रको सिको गर्दै अहिले नेपाली कांग्रेस र नेकपा एमालेले मधेश आन्दोलनपछि स्थापित संघीयता र समावेशितामाथि प्रहार गर्दैछन् र बहाना राजनीतिक स्थायित्व र समृद्धिको गर्दैछन् ।

नेपाली राजनीतिका मुख्य राजनीतिक दलहरूले पहिचानवादी आन्दोलन, संघीयता र समावेशितालाई अहिलेसम्म स्वीकार गरेका छैनन् । केन्द्रीकृत मानसिकता अहिले पनि नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीमा हावी छ । झन् राप्रपा र रास्वपा जस्ता पार्टीहरू संघीयता विरोधी नै भइहाले । प्रमुख दुई दल कांग्रेस र एमाले पहिचानवादी आन्दोलनलाई स्वीकार गरेको भए प्रदेशहरूको नामांकन पहिचानको आधारमा हुन्थ्यो होला ।

संघीयतालाई स्वीकार गरेको भए संघीयतालाई बलियो बनाउने कामहरूतर्फ संघीय सत्ताको नेतृत्व गर्ने दलहरू लाग्थे होला । समावेशितालाई स्वीकार गरेको भए हालै भएका राजदूत र न्यायाधीश नियुक्तिमा समावेशी चरित्र देखाउँथे होला । तर यिनीहरू आफ्नो पार्टीको दस्तावेज, नीति तथा कार्यक्रममा पहिचान पक्षधर, संघीयता पक्षधर र समावेशिता पक्षधरको भोट तान्न मात्र यी कुराहरू उल्लेख गरेको देखिन्छ ।

संघीय सरकारमा हालीमुहाली रहने दलहरू मधेश आन्दोलनका एजेण्डा वा सीमान्तकृतका आन्दोलनलाई तत्कालै रूपमा प्रत्यक्ष चुनौती दिन चाहेको देखिंदैन । यी शक्तिहरूले पहिचान, संघीयता र समावेशिता पक्षधर आन्दोलन कमजोर हुने प्रतीक्षा गर्दैछन् । जुन दिन आन्दोलनकारी शक्तिहरूको भोट कम हुँदै जानेछ त्यही दिन तिनीहरू एजेण्डा फालेर प्रतिगमनतिर फर्किने छन् । अहिले त्यही कमजोर अवस्थामा तराई-मधेशको राजनीति पुगेको छ । र, कांग्रेस-एमाले गठबन्धनले प्रतिगमनतिर फर्किने सोच बनाएको देखिन्छ । जसको सुरुवात कांग्रेस र एमालेबीच गठबन्धन बन्दा संविधान संशोधन बारे गरिएको सहमति पनि हो ।

२०१७ सालमा राजा महेन्द्रले प्रजातान्त्रिक अधिकार खोस्दै आफूलाई राष्ट्रवादी र विकासप्रेमी भन्दै प्रतिगमन गरेका थिए । त्यही राजा महेन्द्रको सिको गर्दै अहिले नेपाली कांग्रेस र नेकपा एमालेले मधेश आन्दोलनपछि स्थापित संघीयता र समावेशितामाथि प्रहार गर्दैछन् र बहाना राजनीतिक स्थायित्व र समृद्धिको गर्दैछन् । त्यसबेला महेन्द्रले पनि राजनीतिक दलहरूलाई समाप्त पार्ने प्रयास गरेका थिए भने अहिले पनि कांग्रेस एमालेले थ्रेसहोल्ड बढाएर बहुदलीय व्यवस्था समाप्त पार्न खोज्दैछन् । मिश्रित निर्वाचन प्रणाली समाप्त पार्न खोज्दैछन् ।

यिनीहरूले गर्न लागेको प्रतिगमन यिनीहरूमाथि महेन्द्रले गरेको प्रतिगमनकै नक्कल हो । २०१७ सालको प्रतिगमन राजा महेन्द्रलाई महँगो परेको थियो भने अहिले कांग्रेस एमालेले गर्न लागेको प्रतिगमन यिनीहरूलाई महँगो पर्नेछ र २०८४ मै प्रतिफल पाउने छन् । किनभने मधेश आन्दोलन वा पहिचान पक्षधर आन्दोलनका नेतृत्वकर्ता कमजोर भएका छन् । तर, ती एजेण्डा र मागहरू जनस्तरमा पुगेको छ । संघीयतामा गइसकेको मुलुकलाई पछाडि फर्काउने प्रयास भयो भने अहिले संघीयताबाट लाभ लिएका कांग्रेस, एमालेकै नेता-कार्यकर्ताहरू विरोधमा उत्रिने छन् ।

संघीयता खर्चिलो भयो, प्रदेशमा आर्थिक अनियमितता बढ्यो, प्रदेशमा अराजकता बढ्यो, प्रदेशको प्रतिफल देखिएन जस्ता बहानाहरू बनाउने भाष्यको निर्माण गरिंदैछ । प्रदेशलाई पूर्ण रूपमा सञ्चालनमा आउन चाहिने कानुन निर्माण रोकेर, दिइनुपर्ने कर्मचारीतन्त्र र संस्थाहरू आफू नियन्त्रणमा राखेर प्रदेशले काम गर्न सकेन भनेर आरोप लगाउनु दुर्भाग्यपूर्ण छ । संघीयता खर्चिलो भयो भनेर भाष्य निर्माण गर्नेहरूले ध्यान दिनुपर्ने कुरा के हो भने देश संघीय संरचनामा गइसकेपछि केन्द्र सरकारले पनि दोहोरो संरचना राख्नुको आवश्यकता किन छ ?

केन्द्रमा मन्त्रालयको संख्यादेखि सयकडौं अन्य संरचनाहरू प्रदेश मातहतमा जानुपर्ने हो । तर केन्द्रीकृत मानसिकता र प्रदेशलाई काम गर्न रोक लगाउने मनसायका कारण दोहोरो, तेहरो संरचना निर्माण गरेर देशलाई आर्थिक संकटतर्फ उन्मुख गराइएको छ । जसले, देशलाई पुनः एक पटक द्वन्द्वतर्फ लैजाने देखिन्छ ।

संघीयता, समावेशिता र पहिचान सहित मधेश तथा सीमान्तकृत आन्दोलनका उपलब्धि रक्षा एवं थप अधिकारका लागि सर्वप्रथम 'मधेश स्वार्थ' माथि छलफल हुनुपर्छ । अर्थात् समग्र मधेश र मधेशीको स्वार्थ पहिचान गरी त्यसलाई प्रमुख एजेण्डाका रूपमा अगाडि सारिनुपर्छ । मधेश र मधेशीका अधिकांश स्वार्थ वा मागहरू सतहमा छन् तर मधेश राजनीतिमा रहेका दलहरू उक्त स्वार्थपूर्तिका लागि विधि फरक-फरक अपनाएका छन् । कसैले समाजवाद, कसैले पूँजीवाद वा कहिले मधेशवाद भनेर विधिहरू आ-आफ्नै तरिकाले व्याख्या गरेका छन् । अहिले विधिभन्दा पनि स्वार्थ अर्थात् मागलाई प्राथमिकतामा राखी गोलबन्द हुनुपर्नेछ ।

मधेश राजनीतिमा देखिएका प्रमुख पात्रहरूबीचको आपसी असझदारीलाई न्यून गर्न दोस्रो तहका नेतृत्वहरू सक्रिय हुनुपर्छ । अथवा नयाँ नेतृत्व वा युवा नेतृत्वहरूले आफ्नो मूल नेतृत्वलाई समझदारीको वातावरण सिर्जना गराउनुपर्ने वा दबाब दिनुपर्ने हुन्छ । जसका लागि दोस्रो, तेस्रो तहका नेताहरू गोलबन्द भई संवादको थालनी गर्नुपर्छ । र, संवाद पनि पारदर्शी ढंगबाट अगाडि बढाइनुपर्छ ।

मधेशी दलका नेतृत्वहरूबीच भएका विगतका तिक्ततालाई समाप्त पार्न र विश्वासको वातावरण निर्माणमा युवा नेतृत्वले मध्यस्तताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । साथै मधेशका गैरराजनीतिक संस्थाहरूले पनि यसमा हस्तक्षेपकारी भूमिका खोल्नुपर्छ । मधेशी नागरिक समाज, सांस्कृतिक एवं जातीय संगठन तथा विभिन्न समूहहरू बीचको सहकार्य तथा सहभागिताको आवश्यकता देखिन्छ । किनभने आन्दोलनले स्थापित गरेका व्यवस्था र संरचनाबाट अधिक फाइदा लिने यिनै समूहहरू छन् ।

मुख्य दलहरूबीच गठबन्धन बन्न नसके पनि युवाहरू बीच गठबन्धन निर्माण गरिनुपर्छ । र, मधेश स्वार्थका विषयमा बहस जनस्तरमा लगिनुपर्छ । मधेश र मधेशीले पाएका अधिकार गुम्न लागेको सन्देश जनस्तरमा प्रभाव भएपछि मूल नेतृत्व पनि अधिकार रक्षाका निम्ति एकत्रित हुन समय लाग्ने छैन ।

मधेश आन्दोलनका कतिपय एजेण्डालाई समय अनुसार परिमार्जन गर्नुपर्ने पनि देखिन्छ । जसका लागि विभिन्न विकल्पमाथि बहस गर्न आवश्यक छ । मधेश राजनीति आन्तरिक द्वन्द्वमा फस्दा मधेशी जनतालाई मात्र होइन समग्र मुलुकलाई नै क्षति हुने कुरामा सम्पूर्ण शक्तिहरू सचेत हुन आवश्यक छ । मधेश आन्दोलनलाई नयाँ सिराबाट उठाउन जरुरी छ । जसका लागि नयाँ नेतृत्व बढाउनुका साथै भएका नेतृत्वमा सुधारको आवश्यक छ ।

# मधेशी एकता समाजद्वारा विशेष कार्यक्रम आयोजना



दुबई (युएई) । मधेशी एकता समाजले दुबईमा विजयादशमी, दीपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान-प्रदानका साथै संस्थापक सदस्य र कोषाध्यक्ष अनिल साहलाई बिदाई गरेको छ ।

शनिबार साँझ, मधेशी एकता समाजले दुबईको जाबेल पार्कमा विजयादशमी, दीपावली र छठको पर्व मनाउँदै अनिल साहलाई बिदाई गर्ने विशेष कार्यक्रम आयोजना गरेको थियो । यो कार्यक्रम साँझ ७ बजे सुरु भएको थियो र दुबईमा बसोबास गर्ने मधेशी दाजुभाइ र दिदीबहिनीहरूको ठूलो उपस्थितिमा सम्पन्न भएको थियो ।

कार्यक्रमको सञ्चालन मधेशी एकता समाजका महासचिव रोशन मार्क्सिसस्टले गरेका थिए । उनले समाजको उद्देश्य र मधेशी समुदायबीचको एकता र सांस्कृतिक धरोहरको संरक्षणमा समाजको योगदानलाई उल्लेख गरे ।

यसपछि प्रमुख अतिथि मधेश प्रदेशका पूर्वप्रमुख डा.राजेश अहिराज, नेपाली राजदूतावास अबुधाबीका तृतीय सचिवद्वय विमलेश कुमार मिश्र, विकास भट्टराई, अनुवादक रजी अहमद, मधेशी एकता समाजका विशिष्ट सल्लाहकार अनिल साह, कार्यसमिति सदस्यहरूको स्वागत र आसन ग्रहण समारोह सम्पन्न भएको थियो ।

डा.अहिराजले आफ्नो सम्बोधनमा उपस्थित सबैलाई धन्यवाद दिँदै समाजले समुदायलाई एकत्रित गर्न गरेको प्रयासहरूको प्रशंसा गरे । त्यसपछि उपस्थित सबैले स्वादिष्ट भोजनको आनन्द लिए । खाद्य सामग्रीको साथसाथै उपस्थित सबैले एकआपसमा शुभकामना आदानप्रदान गर्दै पर्वको रमाइलो वातावरणमा सामेल भए ।

कार्यक्रम अगाडि बढ्दै गर्दा नयाँ सदस्य र उपस्थित व्यक्तिहरूले आफूलाई परिचय गराउने अवसर पाए । तिनीहरूमा जनकपुरको प्रादेशिक अस्पतालमा कार्यरत डा. कृष्ण यादव पनि थिए । उनले कार्यक्रमप्रति खुसी व्यक्त गर्दै नेपालमा संगठनलाई विस्तार गर्ने प्रतिबद्धता जनाए, र यस प्रकारका पहलहरूले समुदायका बीचको सम्बन्धलाई सुदृढ बनाउन महत्त्वपूर्ण रहेको बताए ।

अर्को सहभागी, दुबईमा कार्यरत मधेशी नर्स सुश्री  नयनाले मधेशी एकता समाजको हिस्सा बनेकोमा आफ्नो खुसी व्यक्त गर्दै संगठनले दुबईमा मधेशी श्रमिकहरूको सहयोगमा गरेको महत्त्वपूर्ण भूमिकाको प्रशंसा गरिन् ।

वर्तमान अध्यक्ष धर्मेन्द्र गोहिवारले भने, “हाम्रो संस्कृति र परम्पराहरूको उत्सव मनाउँदा महत्त्वपूर्ण चाडपर्वहरूले हामीलाई एकत्रित गर्दछ।“ उपाध्यक्ष र इन्जिनियर व्यवसायी सैलेंद्रले भने, “जबसम्म मधेशी समुदाय एकजुट हुँदैन, म कहिल्यै रोक्दैनौं ।’

युवा संयोजक आदित्यले भने, “यहाँ मुख्यत: युवाहरू काम गरिरहेका छन्, त्यसैले हामीले उनीहरूलाई सुनेर सचेत गराउन आवश्यक छ। हजारौं सदस्यको सहायक हातलाई सकेसम्म फैलाउनुपर्छ र हरेक मधेशीलाई एकजुट र सशक्त बनाउन सहयोग गर्नुपर्छ।“

सल्लाहकार र सह-अध्यक्ष इन्जिनियर सुरेशले भने, “मधेशी एकता समाज एक जनस्तरीय समुदाय हो। यसकारण, मधेशीहरू यसको बलियो अनलाइन सामाजिक साइट र प्लेटफर्महरूको उपस्थितिका कारण स्वचालित रूपमा संलग्न भएका छन्। फेसबुक, वेबसाइट, र वर्षभरि आयोजना गरिएका कार्यक्रम र अन्तरक्रियाहरूका माध्यमबाट हामी परिवर्तनको लागि एकताबद्ध भएका छौं। हामी मधेशी श्रमिकहरूको मुद्दामा चासो राख्छौं र तत्काल कार्य गर्दैछौं।“

मधेशी एकता समाज का संस्थापक मध्ये एक, अनिल साह, जसले आफ्नो परिवारसँग अमेरिका जानुपर्ने भएको छ, कार्यक्रमका क्रममा भावुक हुँदै समुदायबाट पाएको समर्थनका लागि आभार व्यक्त गरे। उनले अमेरिकामा मधेशी संगठनलाई विस्तार गर्ने योजनाबारे पनि जानकारी दिए, जसले मधेशी व्यक्तिहरूलाई सांस्कृतिक सँगसँगै हुने महत्त्वको सन्देश पनि दिइयो।

मुख्य संस्थापक र अन्तर्राष्ट्रिय समितिका समन्वयक डा. रविन्द्रले कार्यक्रमको समापन गर्दै मध्यपूर्व, जापान, अमेरिका, नेपाल र अन्य क्षेत्रमा संगठनको हालको विस्तारको बारेमा विस्तृत जानकारी दिए।

उनले मधेशी श्रमिकहरूको कल्याणलाई प्राथमिकता दिने आफ्नो दृढ प्रतिबद्धता व्यक्त गरे, जसले गर्दा उनीहरूले आवश्यक समर्थन र स्रोतहरू प्राप्त गर्न सकून्। उनले समुदायहरूको राम्रो सेवा गर्नका लागि संगठनको प्रभाव र पहुँचलाई बढाउने वचन पनि दिए।

डा. रविन्द्रले धर्म, जात र धनको आधारमा हुने विभाजनहरूलाई सामान्य रूपमा स्वीकार गर्नु हुँदैन भनेर स्पष्ट रूपमा भने। यस्ता विभाजनहरू पछुतोको विषय हुन् र समाजका लागि हानिकारक छन्।

उनले सबैलाई सक्रिय रूपमा यस्ता हानिकारक विभाजनहरूको समाप्ति गर्नको लागि काम गर्न आग्रह गरे, र एक समावेशी र सामञ्जस्यपूर्ण समाज सिर्जना गर्न प्रेम, एकता, विकास, र शिक्षा जस्ता शक्तिशाली उपायहरूको महत्त्वमा जोड दिए।

उनले नयाँ वर्षको कार्यक्रमको मिति जनवरी ५ को रूपमा घोषणा गर्दै सबै सदस्यहरूलाई भाग लिन आमन्त्रित गरे। साथै, नयाँ समितिको गठनको लागि चासो राख्ने व्यक्तिहरूलाई अगाडि आउन र संगठनको विकासमा योगदान गर्न आग्रह गरे।

कार्यक्रमको समापन तस्बिर सत्रसहित भएको थियो, जहाँ उपस्थितले यादगार क्षणहरूलाई कैद गरे। एकआपसमा शुभकामना आदानप्रदान गर्दै उपस्थित सबैले आफ्नो सांस्कृतिक धरोहरको सम्मान गर्दै, समुदायका बीचमा आपसी सम्बन्धलाई सुदृढ बनाएका थिए।

मधेशी एकता समाजले कार्यक्रममा भाग लिएकाहरूप्रति धन्यवाद व्यक्त गर्दै, एकता र सहयोगको भावनासहित समर्थन जारी राख्नको लागि प्रतिबद्धता जनाएको छ।

कार्यक्रम सम्पन्न भएपछि उपस्थित सबैले आफ्नो पहिचान र सांस्कृतिक गर्वको अनुभूति गर्दै समाजको विविधता र समृद्धिलाई मनाएका थिए।

आगामी कार्यक्रम र गतिविधिहरूको बारेमा थप जानकारीको लागि, मधेशी एकता समाजले चासो राख्ने सबैलाई आफ्नो सामाजिक सञ्जाल च्यानलमार्फत संपर्कमा आउनका लागि आमन्त्रित गर्दछ।

# रूपनगर क्याम्पसको दीर्घकालीन रणनीतिक योजना सार्वजनिक




सप्तरी । सामुदायिक शैक्षिक संस्था रूपनगर नन्दराज संग्रौला क्याम्पस दीर्घकालीन रणनीतिक योजनाका साथ कार्ययोजना बनाएर नयाँ ढङ्गले अघि बढ्ने भएको छ। सप्तरीको रूपनगरमा रहेको यो क्याम्पसको आयोजित साधारण सभामा सार्वजनिक गरिएको पाँच वर्षे रणनीतिक योजनाले विद्यार्थीलाई विश्वविद्यालयले निर्धारण गरेको पाठ्यक्रम अनुसार गुणस्तरीय शिक्षा दिनुका साथै जीवन उपयोगी शीप समेत सिकाउने नीति लिएको छ।

क्याम्पस प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलले रणनीतिक योजना प्रस्तुत गर्दै क्याम्पसले विद्यार्थीलाई शीपमूलक तालिमहरू दिने, वातावरण संरक्षणमा काम गर्ने, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने, पढाइ र सिकाइमा प्रविधिको अधिकतम प्रयोग गर्ने र समुदाय तथा व्यापारिक क्षेत्रसँग साझेदारीमा काम गर्ने बताए ।

’योजना औपचारिक रूपमा अहिले सार्वजनिक गरिएको भए पनि हामीले यो रणनीति अनुसार एक वर्ष अघिदेखि काम थालिसकेका थियौं,’ प्राध्यापक गजुरेलले भने ।

सम्पन्न साधारण सभाले तीन वर्षे कार्यकालका लागि नयाँ सञ्चालक समिति गठन गरेको छ। नव गठित समितिमा गिरिराज संग्रौला अध्यक्ष रहेका छन् भने सदस्यहरूमा देवी बहादुर खत्री, राज कुमार साह, रीता पोखरेल, ईश्वरी काफ्ले, सुरज पोखरेल र विभा कुमारी महतो छनौट भएका छन् । क्याम्पस प्रमुख समितिको सदस्य सचिव रहने प्रावधान क्याम्पसको विधानमा छ ।

दुई सत्रमा सञ्चालित साधारण सभाको पहिलो सत्रको उद्घाटन राष्ट्रिय सभाका पूर्व सदस्य सुमनराज प्याकुरेलले गरेको थियो । ’यो शैक्षिक संस्थाले समाजलाई योगदान गर्दैछ, त्यसैले हामीले पनि सघाउनु पर्छ,’ भन्दै प्याकुरेलले क्याम्पसलाई एउटा ल्यापटप उपहार दिए ।

क्याम्पस प्रमुख प्रध्यापक गजुरेललाई ल्यापटप हस्तान्तरण गर्दै प्याकुरेलले भने, ’कक्षा कोठामा प्रविधि प्रयोग गर्ने तपाईहरूको नीति अनुसार यसले मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु।’

क्याम्पसका अध्यक्ष गिरिराज संग्रौलाको सभापतित्वमा सम्पन्न सभा सञ्चालन गर्नु हुने शिक्षिका लक्ष्मी श्रेष्ठले क्याम्पसलाई २५ हजार रूपियाँ सहयोग गरिन् । त्यसै गरी कञ्चनरूप नगरपालिकाकी कार्यपालिका सदस्य सीता पौडेलले पाँच हजार पाँच सय रूपियाँ सहयोग गरिन् ।

कञ्चनरूपका पूर्वनगरप्रमुख बसन्त मिश्र, पूर्वप्रधानाध्यापक तीर्थराज पोखरेल, आदर्श स्कूलका प्राचार्य ईश्वरी काफ्ले लगायतले सभालाई सम्बोधन गरेका थिए ।

# बाढी प्रभावित क्षेत्रमा माधव नेपालले फोटो सेसन गरे : पूर्वराज्यमन्त्री यादव



राकेश यादव, रौतहट । जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य एवं रौतहट निर्वाचन क्षेत्र नम्बर १ को ख प्रदेश सभाको प्रत्यासी योगेन्द्र राय यादवले रौतहट क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य माधव कुमार नेपालले आफ्नो क्षेत्र बाढी प्रभावित क्षेत्रमा राहत सामग्री दिनुको सट्टा फोटो सेसन गर्नमा व्यस्त रहेको बताएका छन् ।

बाढी आएको ५ दिनपछि आफ्नो निर्वाचन क्षेत्रमा आएका नेकपा एकीकृत समाजवादी पार्टीका केंद्रीय अध्यक्ष समेत रहेका नेपालले आफ्नो कार्यकर्ता, प्रहरीको लाबालस्कर लिएर पीडितसँग भेटघाट नगरी फोटो खिचाउने कार्य मात्र गरेको टिप्पणी गरेका हुन् । रौतहटको सदरमुकाम गौरमा बिहीबार संचारकर्मीहरुसँग कुरा गर्दै पूर्व भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री यादवले बाढीबाट आहत भएका जनतालाई केही दिनु पर्नेमा सो नगरी आफ्नो कार्यकर्ताको समूह लिएर प्रभावित क्षेत्रमा अनुगमन निरीक्षणको नाउँमा फोटो सेसन गर्दै फर्किएको आलोचना गरे ।

रौतहटमा विकास गरेको झूठ प्रचार गर्ने पूर्वप्रधानमन्त्रीसमेत रहेका सांसद नेपालले शिलान्यास गरेका बडहरबास्थित बागमती नदीको पुल अधुरो र जुद्ध उच्च माध्यमिक विद्यालयको छात्रबास निर्माण हुँदै कालोसूचिमा परेको टिपण्णी गरे ।

देशको प्रधानमन्त्री भएर पनि आफ्नो क्षेत्रमा विकास गर्न नसकेको नेताले विकास गरेको भन्नु जनतालाई झुक्याउने बाहेकको केही नभएको बताए ।

पूर्वप्रधानमन्त्री स्वर्गीय गिरिजा प्रसाद कोइराला, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष प्रधानमन्त्री केपी शर्मा ओली आफ्नो जिल्लामा गरेको विकास निर्माणका कार्यको अवलोकन गर्न समेत उनले सांसद नेपाललाइ सुझाव दिए । निर्वाचित जनप्रतिनिधि प्रदेश सांसद कृष्ण प्रसाद यादव र नागेन्द्र साह जनताको विचमा विपदको बेला पनि नगएको बताए । बाढी पीडितको दु:ख देखेर आँखा रसाउने गरेको भन्दै यादवले जनप्रतिनिधिको कार्य देखेर पीडितहरु आक्रोशित समेत भएको उल्लेख गरे ।

पूर्वकृषि राज्यमन्त्री यादवले गौर गंगा पिपरा सडक निर्माणको ठेक्का लिएका प्रदेश सांसद साहका निर्माण कम्पनी साह निर्माण सेवाले निर्माण गर्ने अवधि समाप्त भइसक्दा पनि सडक निर्माण गराउन नसकेको आरोप लगाए ।

असोज १२ गते आएको बाढीले प्रभावित भएका स्थानीय तहको निरीक्षण गर्न सांसद नेपाल असोज १६ गते आफ्नो निर्वाचन क्षेत्रमा आएका थिए ।

# नदी नियन्त्रण कार्यालय रौतहटमा ल्याउनु पर्ने माग

राकेश यादव, रौतहट । जिल्ला प्रशासन कार्यालय रौतहटले मंगलवार आयोजना गरेको जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा बाराको परमानीपुरमा रहेको बागमती तथा लालबकैया नदी नियन्त्रण आयोजना कार्यालयको तीखो आलोचना गरिएको छ ।

विपद आउनु अघि केहि नगर्ने आयोजना कार्यालयको कार्य प्रति बैठकमा सहभागीहरुले कार्यालयको कार्य प्रति खेद प्रकट गरेका हुन् ।

गएको शनिवार आएको बाढ़ीले रौतहटमा पुर्याएको जनधनको क्षति ,प्रभावित भएका व्यक्तिलाई राहत व्यवस्थापन, किसानको भएको धानबालीको क्षति सम्बन्धी छलफलका लागि बोलाइएको बैठकमा सहभागी भएका निर्वाचित जनप्रतिनिधि, नागरिक समाज, उद्योगी, संचारकर्मीहरुले ठूलो नदी रौतहटमा र कार्यालय बारामा रहेकोले नदी नियन्त्रण कार्यालय रौतहटमा स्थापना गर्नु पर्ने माग गरेका छन् ।

बैठकमा सहभागी भएका नेकपा एमालेका जिल्ला इंचार्ज अजय कुमार गुप्ताले रौतहटका जनता बाढीबाट वर्षेनी पीडित हुँदै आएको भएपनि नदी नियन्त्रण कार्यालयले बाँध मर्मत सम्भारमा खासै चिन्ता नलिएको गुनासो गरे ।

पटक-पटक समयमा बागमती नदी र लालबकैया नदीको बाँध मर्मत गर्नुभन्दा पनि बागमती तथा लालबकैया नदी नियन्त्रण कार्यालयले कुनै चासो नदेखाएको कारण बाढीको बेला तटबन्ध भत्किने गरेको आरोप लगाए ।

बारा जिल्लामा भएको कार्यालय रौतहटमा स्थापना गराउनका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउन सवै राजनीतिक दलका प्रतिनिधिले सक्रियतापूर्वक भूमिका निर्वाह गर्न अपील समेत गरे ।

नेकपा एकीकृत समाजवादी पार्टीका नेता रेवन्त झाले ठूलो नदी रौतहटमा र कार्यालय बारामा किन राखिएको भनी प्रश्न गर्दै सम्बन्धित जिल्लामा कार्यालय संचालन हुनु पर्ने जोड़ दिए ।

नदी नियन्त्रण कार्यालयको प्राविधिक स्थलगत रुपमा निरिक्षण अनुगमन गरेको भए लालबकैया र बागमती नदी बाँध जोगिने थियो भने बताए । दुबै नदीको बांध भत्किएको कारन आएको बाढ़ीले तथा पानीको उचित निकास नहुँदा किसानको ठूलो क्षति भएको उल्लेख गरे । विपद व्यवस्थापन समितिले समयमा भएको क्षतिको यकीन गरी राहत र क्षति पूर्ति उपलब्ध गराउनु पर्ने जोड़ दिए ।

पूर्व संविधान सभा सदस्य अशोक जायसवालले संघीय संसद र प्रदेश सांसदले बागमती नदी र लालबकैया नदीको बाँधको बलियो बनाउने तर्फ सक्रियता नदेखाएको टिप्पणी गरे ।

परोहा नगरपालिकाका नगर प्रमुख शेख वकील ,गौर नगरपालिकाका नगर प्रमुख शम्भू साह, बौधिमाई नगरपालिकाका नगर प्रमुख प्रदीप यादवले नदी नियंत्रण कार्यालयको तीखो आलोचना गर्दै भत्किएको बाँधको पुनर्निर्माण गर्न छिटो भन्दा छिटो कार्य गर्नका लागि आग्रह गरे ।

प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीको अध्यक्षतामा भएको बैठकले बाढ़ी पहिरोमा परी ज्यान गुमाएका प्रति श्रदांजलि अपर्ण गर्दै प्रभावित भएकालाइ समयमा राहत व्यवस्थापन गर्नु पर्ने, भएको क्षतिको विवरण संकलन गरी क्षति पूर्ति दिनु पर्ने, भत्किएको बाँधको तत्काल मर्मत गर्न सम्बन्धित निकायलाई आग्रह गर्नु पर्ने लगायतको निर्णय गरिएको छ ।

बैठकमा सुरक्षा निकायका प्रमुख राजदेवी नगर पालिकाका नगर प्रमुख भिखारी यादव, राजपुर नगरपालिकाका नगर प्रमुख डाक्टर मोहमद राजिक आलम, माधव नारायण नगरपालिकाका नगर प्रमुख बैजनाथ प्रसाद यादव, गढ़ीमाई नगरपालिकाका नगर प्रमुख श्याम प्रसाद यादव, देवाही गोनाहीका नगर प्रमुख प्रेमलाल साह, मौलापुर नगरपालिकाका नगर प्रमुख रीना देवी साह, गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमणि जायसवाल लगायत राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवा, नदी नियन्त्रण कार्यालयका प्रमुख, सड़क डिभिजन कार्यालयका प्रमुख, स्वास्थ्य कार्यालयका प्रमुख, नेपाल रेडक्रास सोसाइटीका सभापति संचारकर्मीहरु सहभागी भएका थिए ।

# नेपाल प्रहरीको क्रियाशीलताको मुख्यमन्त्रीद्वारा सराहना



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले सीमित साधनस्रोतका बाबजुद पनि नेपाल प्रहरीले शान्तिसुरक्षा व्यवस्थापन, अपराध अनुसन्धान तथा कानुन कार्यान्वयन लगायतका काममा देखाउँदै आएको क्रियाशीलताको सराहना गरेका छन् ।

६९ औं प्रहरी दिवसका अवसरमा मधेश प्रहरी कार्यालय जनकपुरधामद्वारा यहाँ आयोजित कार्यक्रममा मुख्यमन्त्री सिँहले कानुन कार्यान्वयनसँग सम्बद्ध धेरैवटा कामको जिम्मेवारी रहेको नेपाल प्रहरीलाई थप व्यावसायिक संगठनका रूपमा प्रतिष्ठित गर्न दक्ष जनशक्ति तथा आधुनिक प्रविधिको खाँचो रहेको औंल्याए । उनले प्रदेश सरकारले मधेश प्रदेशका विभिन्न प्रहरी एकाइलाई सबल बनाउन भौतिक पूर्वाधार विकास तथा विभिन्न आवश्यक सामग्री उपलब्ध गराएर साधनस्रोत सम्पन्न बनाउने प्रयास गर्दैआएको जानकारीसमेत दिए ।

'नेपाल प्रहरीमा कुशल तथा निपुण जनशक्ति विकासको पाटोमा समेत प्रदेश सरकार गम्भीर छ । प्रहरी जनशक्तिको दक्षताबाटै नागरिकमा शीघ्र न्याय प्राप्तिको बाटो खुल्नेछ,' मुख्यमन्त्री सिँहले भने ।

उनले केही दिनअघि देशसँगै मधेश प्रदेशमा समेत आएको बर्खाबाढी र डुबानका बेला राज्यका अन्य निकायसँगै नेपाल प्रहरीले समेत तत्काल तत्परता देखाएकाले थप क्षति रोक्न सफल भएको चर्चा गर्दै नेपाल प्रहरीका कामको विविधीकरण मात्र नभई विशिष्टीकरणसमेत हुनुपर्नेमा जोड दिए ।

मुख्यमन्त्री सिँहले भने, 'विपत्ति तथा प्रकोपमा खोज तथा उद्धार, सवारी व्यवस्थापनलगायतका काम नेपाल प्रहरीले गर्दैआएको छ । यी जम्मै कामबाट प्राप्त अनुभव र अभ्यास थप व्यवस्थित र परिणामुखी बनाउँदै जानुपर्छ ।'

मुख्यमन्त्री सिँहले प्रदेशमा लागुऔषधको दुर्व्यसन तथा ओसारपसार र भन्सार छलेर मालसामानको चोरीनिकासी हुने स्थिति चिन्ताजनक रहेको टिप्पणी गर्दै यी प्रवृत्तिलाई निरुत्साहित एवम् नियन्त्रण गर्न नेपाल प्रहरीको भूमिका अझ सशक्त बन्नुपर्ने बताए ।

उनले प्रहरीको परम्परागत कार्यशैलीमा सकारात्मक परिवर्तन आइरहेकोमा सन्तोष व्यक्त गर्दै नागरिकको विश्वास जित्न प्रहरीको व्यवहार थप सरल, निष्पक्ष र पारदर्शी हुनुपर्ने सुझाए ।

मुख्यमन्त्री सिँहले मानवअधिकारको संरक्षण र प्रवर्द्धनप्रति नेपाल प्रहरीको निष्ठा चुलिँदै जाने विश्वाससमेत व्यक्त गरे ।

कार्यक्रममा मुख्यमन्त्री सिँहले प्रहरी कर्मचारी, नागरिक तथा खेलाडीहरूलाई कदर तथा प्रशंसापत्र प्रदान गरे । त्यसक्रममा उनले धनुषाको मिथिला नगरपालिका वडा नम्बर १० ढल्केवरका सेवानिवृत्त प्रहरी सहायक निरीक्षक ८५ वर्षीय हरिबहादुर खडकालाई दोसल्ला ओढाएर सम्मान गरे ।

कार्यक्रममा प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव वीरेन्द्रकुमार यादव, मधेश प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी नायब महानिरीक्षक लालमणि आचार्य, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेशकुमार कर्णलगायतका व्यक्तिहरूले आआफ्ना धारणाा राखेका थिए ।

प्रहरी वरिष्ठ उपरीक्षक सुरेन्द्रबहादुर गुरुङ्गले प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरको शुभकामना सन्देश वाचन तथा स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

विस २०१२ मा ऐन आएपछि नै नेपाल प्रहरी ऐनमा लालमोहर लागेको दिनलाई प्रहरी दिवसका रूपमा मनाइन्छ । विसं २०१२ मा नेपाल प्रहरी ऐन आएको थियो । नेपाल प्रहरीले २०५२ सालदेखि स्थापना दिवस मनाउँदै आएको छ ।

## पोखरामा मधेशका मुख्यमन्त्रीले मैथिलीमा भने

# 'अप्पन भाषा, भेष आ सांस्कृतिक संरक्षण हमरा सभक दायित्व अछि'



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले मधेशवासीले स्वदेश तथा विदेशका जुनसुकै भूगोलमा बसोबास गरे पनि आफ्ना भाषा, भेषभूषा र सँस्कृतिको जर्गेना गर्दैआएको बताएका छन् ।

मधेश-कास्की सम्पर्क समाजद्वारा आयोजित नवदुर्गा समारोहमा सहभागी हुन शनिबार पोखरा पुगेका मुख्यमन्त्री सिँहले देशका विभिन्न क्षेत्रमा पेसा र व्यवसायका सिलसिलामा पुगी बसोबास गरिरहेका मधेशी समुदायले आफ्नो मौलिक र विशिष्ठ सँस्कृति तथा परम्परा साझा गर्ने दायित्व पुरा गरी मधेशको गौरव र गरिमा वृद्धि गरेको उल्लेख गरेका हुन् ।

मैथिली भाषामा बोल्दै उनले मधेशबाट आएर पोखरामा बसोबास गरिरहेकाहरूले शक्ति स्वरूपा दुर्गाको पूजा समारोहमा आफूलाई आमन्त्रण गरेकामा आभार व्यक्त गरे । उनले भने, 'कार्यव्यस्तताका बाबजुद पनि म तपाईंहरूको आशीर्वाद ग्रहण गर्न र शुभकामना दिन पोखरा आएको छु ।'

पोखरा र जनकपुरधामको पर्यटकीय विकासका लागि हवाई कनेक्टिभिटी आवश्यक रहेको भन्दै मुख्यमन्त्री सिँहले सीमावर्ती क्षेत्रमा रहेको धार्मिक नगरी जनकपुरधाममा हजारौँको सँख्यामा भारतीय पर्यटक आउने गरेको र तिनको आकर्षक गन्तव्य पोखरासमेत रहने गरेकाले फलाइट कनेक्टिभिटीमार्फत पर्यटनको विकास तथा विस्तार गर्न सकिने कुरामा जोड दिए ।

समारोहअन्तर्गत मुख्यमन्त्री सिँहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा सयौँको सँख्यामा मधेशी समुदायको सहभागिता रहेको थियो । उनीहरूले मुख्यमन्त्री सिँहलाई पोखरामा भव्य स्वागत गरेका थिए ।

# राजनीतिक रंग हैन, राष्ट्र सेवाभाव हेर्नुपर्छ : राज्यमन्त्री चौधरी

काठमाडौं। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुणकुमार चौधरीले नेपालको समग्र बिकासका निम्ती जनप्रतिनिधीहरुले राजनीतिक भेदभावरहित राष्ट्र सेवाभाव राखेर काम गर्नुपर्ने तर्क गरेका छन्। सक्सेस मिडिया र यात्रा प्लसको संयुक्त आयोजनामा नेपाल पर्यटन बोर्डमा भएको 'एचिभर्स अवार्ड '२०२४' लाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

'हाम्रा कतिपय जनप्रतिनिधी विशेषगरी मन्त्री ज्यूहरुको कार्यशैली देखेर मलाई अनौठो लाग्छ । चुनावमा पनि जनताका लागि काम गर्छु भन्ने, मन्त्री बन्ने बेलामा पनि राष्ट्र, राष्ट्रियता र जनताका पक्षमा निस्वार्थ काम गर्छु भन्ने अनि पदमा पुगेपछि राजनीतिक रंग हेरेर काम गर्ने गर्नुहुन्छ', राज्मन्त्री चौधरीले भने, 'म त के भन्छु भने मन्त्रीको पदमा पुगेको मान्छे साझा हुनुपर्छ । त्यहाँ पुगेपछि पनि कुन पार्टीबाट आएको ? भनेर राजनीतिक नजरबाट मात्रै हेर्ने र एकअर्कासँग आवश्यक समन्वय नगर्ने हो भने मुलुकको बिकास र रुपान्तरणले फड्को मार्न सक्दैन् । त्यस्ता व्यक्ति साँच्चै भन्नुपर्दा देश बिकासको बाधक हुन् ।'

यस्तै उनले, नेपालको पर्यटन प्रबर्द्धन तथा विकासका लागि हरेक क्षेत्रका व्यक्तिहरुसँग सहकार्य गरेर अघि बढ्नु पर्ने बताएका छन् ।

'नेपालको जस्तो अनौठो र विविधताले भरिएको प्राकृतिक, सांस्कृतिक, धार्मिक सँगसँगै विविध विविधता र गतिविधिहरूको धनी विश्वका कुनै देशमा छैनन् । त्यसैले मलाई लाग्छ विश्वका कुनै पनि देशले नेपालको पर्यटनसँग प्रतिस्पर्धा गर्न सक्दैन' राज्यमन्त्री चौधरीले भने, 'यहाँको पर्यटकीय क्षेत्रलाई ब्रान्डिङ गर्न सके नेपाल विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य बन्ने र देशको आर्थिक सम्बृद्धि हुनेछ । त्यसका लागि हरेक क्षेत्रका व्यक्तित्वहरुको योगदान महत्वपूर्ण रहन्छ । त्यसैले सरकारको तर्फबाट मैले सधैँ सकारात्मक सहकार्य गर्नेछु ।'

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।


**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।


**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# प्राकृतिक स्रोतसाधनको जथाभावी दोहन नरोकिए नेपाल मरुभूमि बन्न सक्ने : प्रभु साह




रौतहट । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले प्राकृतिक स्रोतसाधनको जथाभावी दोहन नरोकिए नेपाल मरुभूमि बन्न सक्ने बताएका छन् । नदीखोलामा भईरहेको जथाभावि उत्खनन्ले नेपाल मरुभूमी बन्ने भएकाले त्यसलाई रोकिनुपर्ने उनले बताए ।

महापर्व दशैं, शुभ दिपावली एवं छठ पर्वको शुभ अवसरमा रौतहटको प्रतापपुर पलटुवामा आजपाद्धारा आयोजित शुभकामना एवं भेटघाट कार्यक्रममा सहभागि आजपा अध्यक्ष साहले प्राकृतिक स्रोतसाधनको भईरहेको जथाभावि उत्खनन् रोक्नुपर्ने बताए । नेपाललाई मरुभूमी हुनबाट जोगाउनका लागि प्राकृतिक स्रोतसाधनको संरक्षण गर्नुपर्नेमा उनले जोड दिए ।

'अहिले जथाभावि भईरहेको प्राकृतिक स्रोतसाधनको उत्खननले नेपाल मरुभूमी बन्न सक्छ । सरकार आफै बिभिन्न कानून बनाई प्राकृतिक स्रोतसाधनको दोहन गरिरहेको छ । प्राकृतिक स्रोतसाधनको संरक्षण गर्नुपर्ने सरकारकै कमजोरीका कारण वातावरणमा परिवर्तन भई विपती निम्तिदैछ, तर सरकार सचेत छैन' आजपा अध्यक्ष साहले भने, 'तराई मधेसमा गर्मीको समयमा चापाकल सुक्ने, तातो हावा आउने, गर्मी बढने गरेको छ । अहिले काठमाडौं सहित पहाडमा समेत गर्मी बढदै गईरहेको छ ।'

प्राकृतिक स्रोतसाधनको अति नै दोहन भईरहेको बताउँदै उनले सरकार त्यसमा गम्भिर नभएको बताए । प्राकृतिक स्रोतसाधनको दोहन गरेर सरकार कमाउधन्दामा लागेको आरोप उनले लगाए । नदीखोलाको जथाभावि उत्खनन रोक्न नसकेको सरकारले नागरिकको भविष्यसंग खेलवाड गरिरहेको उनले बताए ।

तराई मधेसको विकासका लागि नदीमा मजबुत तटबन्धको आवश्यक्ता रहेको आजपा अध्यक्ष साहले बताए । बाढी, डुबानबाट जोगाउनका लागि तराई मधेशका नदीहरुमा मतबुत तटबन्ध आवश्यक रहेको उनले बताए । बर्षेनी सयौं मान्छेको मृत्यु हुने लाखौं घर परिवार डुबानमा पर्ने भएकाले नदीमा मजबुत तटबन्ध गरेर उनीहरुलाई सुरक्षित राख्न सकिने बताए । तर सरकारले तटबन्धका लागि आवश्यक बजेट नदिदा मान्छेहरु मर्नुपर्ने बाध्यता रहेको उनको भनाईरहेको छ ।

प्राकृतिक स्रोतसाधनको दोहनकै कारण बाढीपहिरो, डुबान जस्ता विपती आउँने गरेकाले सबैले मिलेर त्यसको संरक्षण गर्न आवश्यक रहेको उनले बताए । सरकारले पनि प्राकृतिक स्रोतसाधनको संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने उनले बताए ।

कार्यक्रममा आजपाका उपाध्यक्ष एवं पुर्वसांसद समिना हुसेन, महासचिव त्रिभुवन साह, उपमहासचिव सियाराम कुशवाहा, महिला मोर्चाको अध्यक्ष बबिता साह लगायत नेताहरुको विशेष सहभागिता रहेको थियो ।

# संघीय सरकारले रौतहटसाग विभेद गऱ्यो : नगर प्रमुख आलम



राकेश यादव, रौतहट । जिल्लाका राजपुर नगरपालिकाका नगर प्रमुख डा. मोहम्मद राजिक आलमले नेपाल सरकारले बिपदको बेलामा पनि रौतहट जिल्लासँग विभेदपूर्ण व्यवहार गरेको बताएका छन् ।

संघीय सरकारले नेपालका १४ जिल्ला मात्र संकटग्रस्तमा परेको भनी गरेको निर्णय अन्यायपूर्ण रहेको उनले टिपण्णी गरेका हुन् ।

असोज १२ गतेका दिन आएको भीषण बाढ़ीले रौतहटमा बितण्डा मचाएको भएपनि राज्यको रौतहटका जनताको पीडा नदेख्नु दुःखद रहेको प्रतिक्रिया उनको रहेको छ ।

बाढीको कारण बागमती तथा लालबकैया नदीको तटबन्ध भत्किएर हजारौं विघा जग्गामा रहेको बालीनाली, सडक, घरलगायतका भौतिक संरचनामा क्षति पुगेको उल्लेख गर्दै यस्तो अवस्थामा पनि राज्यले विभेद गरी संकटग्रस्त जिल्लाको रुपमा घोषणा नगर्नु बाढीपीडितसँग अन्याय गरेको आरोप लगाए ।

अविरल वर्षापछि रौतहटको बागमती नदी, लालबकैया नदी, झाझ खोलामा आएको बाढीले जिल्लाको विभिन्न स्थानमा ठूलो क्षति पुर्याएको छ । बाढ़ी सडक संजाल, बाँध समेत तहस नहस भएको अवस्थामा संघीय सरकारको ध्यान नपुग्नु दुर्भाग्यपूर्ण भएको तर्क नगर प्रमुख आलमको रहेको छ ।

राज्यको अन्य निकायमा सहभागिताको सवाल, अधिकारको विषयमा विभेद गर्दै आएका नेपाल सरकारले दुखदको घडीमा सहयोग गर्नु पर्ने बेला थप अन्याय गरेको टिपण्णी गर्दै रौतहट जिल्लालाई पनि संकटग्रस्त जिल्ला घोषणा गर्नुपर्ने जोडदार माग समेत गरे ।

मेयर आलमले भने देशमा १४ जिल्ला मात्र प्रभावित भएको हो र मधेशका रौतहट, सर्लाही, महोत्तरी प्रभावित भएको छैन र यस्तो बिभेदपूर्ण व्यव्हार किन भनी प्रश्न समेत गरे । बाढीबाट प्रभावित भएका स्थानीय तहका प्रमुख तथा राजनीतिक दलका नेता, प्रतिनिधिहरुले यो विषयमा आवाज उठाउनु पर्ने जोड दिए ।

१२ गते आएको बाढीले राजदेवी नगरपालिका, गढ़ीमाई नगरपालिका, राजपुर नगरपालिका, बौधिमाई नगरपालिका र मौलापुर नगरपालिकास्थित रहेको बागमती र लालबकैया नदीको तटबन्ध भत्किएर ठूलो क्षति भएको जनाए ।

बाढीको कारण परोहा नगरपालिका, ईशनाथ नगरपालिका, गौर नगरपालिका, दुर्गा भगवती गाउँपालिका, माधव नारायण नगरपालिका, देवाही गोनाही नगरपालिका, कटहरिया नगरपालिकाका किसानहरुको धानबाली क्षति भएको पीडा संघीय सरकारले नबुझेको उनले बताए ।

नेपाल सरकारले गरेको विभेदपूर्ण कार्यको स्थानीय सरकार र प्रदेश सरकारले विरोध गर्नु पर्ने आवश्यकता रहेको बताए । रौतहट बर्षेनी बाढीको चपेटामा पर्दे आएको स्मरण गर्दै नगरप्रमुख आलमले निर्णय सच्च्याएर रौतहटलाई संकटग्रस्त जिल्ला घोषणा गरी पीडितलाइ उचित क्षतिपूर्ति उपलब्ध गराउन संघीय सरकारसँग आग्रह गरे । दुई ठूला नदी रौतहटमा र नदी नियन्त्रण कार्यालय अन्य जिल्लामा राखिएकोले त्यो कार्यालय पनि रौतहट जिल्लामा स्थापना गराउन नेपाल सरकारलाई ध्यानाकर्षण समेत गराए । नदी नियन्त्रण कार्यालयलाई स्थानीय सरकारको सहकार्यमा कार्य गर्ने व्यवस्था समेत गर्नुपर्ने माग गरे ।

नेपाल सरकारले संकटग्रस्त जिल्ला घोषणा गरेका १४ जिल्लामा काठमांडू, धादिङ्ग, काभ्रे, पाँचथर, सखुवासभा, ललितपुर, सोलुखुंबू, भक्तपुर, सिन्धुली, रामेछाप, मकवानपुर, सिन्धुपाल्चोक, ताप्लेजुंग र दोलखा रहेका छन् ।

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश



# 'भ्रष्टचार र भ्रष्टहरूका विरुद्धमा जनकारवाही र सडक आन्दोलनको विकल्प छैन'




कलैया । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलिको १०० दिने काम पुर्ण रुपमा असफल, भ्रष्टाचारीलाई संरक्षण र लुटने काम मात्रै भएको बताएका छन् ।

भ्रष्टाचार नियन्त्रण राज्यको पहुँचभन्दा बाहिर गएको बताउदै उनले भ्रष्टाचारी, लुटेरा र अनियमितता गर्नेहरु नै शासन व्यवस्था सञ्चालन गरिरहेको गम्भिर आरोप लगाए । उनले राज्यले नै भ्रष्टाचारीलाई संरक्षण दिएको बताए ।

बडादशैं, शुभ दिपावली एवं छठ पर्वको अवसरमा बाराको कलैया स्थित गंगापुरमा आज आयोजित शुभकामना अदानप्रदान एवं भेटघाट कार्यक्रममा सहभागि आजपा अध्यक्ष साहले देशलाई जोगाउनका लागि भ्रष्टाचारीलाई जहाँ देख्यो त्यही जनकारबाही गर्नुपर्ने बताए ।

मुलुकमा दिनदिनै भ्रष्टाचार संस्थागत हुँदै गएकोले मुलुक समृद्ध हुन नसकेको उनले बताए ।

सरकारको मुख्य नेतृत्व नै भ्रष्टाचारमा लागेकोले कुनै पनि सरकारी निकायबाट भ्रष्टाचारीलाई कारबाहीको अपेक्षा गर्नु भनेको "गोरुबाट दूध पाउने कल्पना गरे जस्तै हो" भएको टिप्पणी उनको छ ।

'देशमा भ्रष्टाचार बढ्दै गएका कारण मुलुकमा विकास रोकिएको यथार्थ हामी सामु छ । नेपालको सम्पत्ति लुटेर दिन दहाडै विदेश लगिँदैछ । भ्रष्टाचारको काण्डै काण्डले देश बरबाद हुँदैछ । मुलुकको आर्थिक अवस्था संकटमा छ । सरकारी निकायले भ्रष्टाचारीको अगाडी निरीह छ, केही गर्न सकिरहेको छैन । भ्रष्टाचारीलाई राज्यकै संरक्षण छ' आजपा अध्यक्ष साहले भने, 'यस्तो अवस्थामा हामी चुप लागेर बस्न मिल्दैन । हामीले मुलुकलाई समृद्ध बनाउन, सुशासन कायम गर्नका लागि भ्रष्टाचारीलाई जहाँ देख्यो त्यही जनकारबाही गर्न आवश्यक छ ।'

गिरीबन्दु टी-स्टेट देखि लिएर ललिता निवास लगायतका ठाउँमा ठुला भनिएकाहरूकै संलग्नतामा भ्रष्टाचार भएको प्रमाणित भएको छ । तर त्यस्तालाई कारबाही गर्नुको साटो पुरस्कृत गर्ने अवस्थाको अन्त्य आवश्यक रहेको उनले बताए । सरकार, अख्तियार दुरुपयोग अनुसन्धानले भ्रष्टाचारीलाई कारबाही गर्न नसकेको बताउँदै साहले अहिले सरकारमै भ्रष्टहरूको बाहुल्यता भएको टिप्पणी गरे । उनले सबै भ्रष्टाचारीहरुलाई कारवाही कहिले हुने भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीसंग प्रश्न समेत गरेका छन् । 'अहिले हामी के देखिरहेका छौं भने सरकारमै भ्रष्टाचारीहरूको बाहुल्यता रहेको छ । त्यही सरकारले सरुवा, बढुवा, नियुक्त गर्ने अख्तियार सहितका निकायले समेत भ्रष्टाचारीलाई कारबाही गर्न सकेको छैन' आजपा अध्यक्ष साहले भने, 'भ्रष्टाचार गर्नेहरूले संरक्षण पाइरहेका छन् । राज्यकै संरक्षणमा देश लुट्ने काम भइरहेको देखिन्छ । भ्रष्टाचार नियन्त्रण गर्ने निकायमा एउटा भ्रष्टाचारीले अर्को भ्रष्टाचारीलाई नियुक्ति गरिरहेको छ । यस्तो अवस्थामा भ्रष्टाचार कसरी नियन्त्रण हुन्छ ?'

विदेश गइरहेका युवालाई नेपालमै रोजगार दिनुको साटो ती सोझासाझा युवाबाट लाखौं रकम लिएर विदेश पठाउने काम सरकारी निकायबाटै भइरहेको आरोप लगाउँदै उनले स्वदेशमै रोजगारी दिनुपर्ने सरकार देशलाई उजाड बनाइरहेको बताए । राज्यकै संरक्षणमा मन्त्री, ठुला व्यापारीको संलग्नतामा हुन्डी कारोबार मार्फत अर्बौं रकम विदेश गइरहेको बताउँदै उनले त्यस्तो जघन्य अपराध गर्नेलाई सरकारले किन संरक्षण गरेको भन्दै प्रश्न गरे । काण्डैकाण्ड, भ्रष्टाचार, अनियमितता, कुशासनले आजित आम जनता यसको बिकल्प खोजिरहेको बताउँदै उनले भ्रष्टचार र भ्रष्टहरुका बिरुद्धमा जनकारवाही र सडक आन्दोलनको बिकल्प नभएको बताए ।

साथै उनले ऐतिहासिक शहर कलैयाको बिकासमा सरकारले ध्यान नदिएको गुनासो गरे । हुलाकी राजमार्ग अन्तरगतको पिलुवा-कलैया-मटिअर्वा सडक अन्तरगतको कलैयामा ३ किलोमिटर सडक कालोपत्रे कहिले हुने भन्दै प्रधानमन्त्रीसंग जवाफ माग गरे । यस क्षेत्रबाट प्रदेश र संघमा एमालेकै नेता बिजयी भएको र केन्द्रमा एमालेकै अध्यक्ष ओली प्रधानमन्त्री भएको तर पनि कलैयाको सडक कालोपत्रे गर्नमा किन ढिलाई भएको भनेर जनता जान्न चाहेको बताए ।

ऐतिहासिक, धार्मिक एवं पर्यटकीय क्षेत्रसंग जोडिएको बीरगंज, कलैया, गढीमाई, सिम्रौनगढ हुदै पुर्वपश्चिम रहेको हुलाकी राजमार्गलाई कम्तीमा पनि छौं लेनको बनाउँन आवश्यक रहेको बताउँदै आजपा अध्यक्ष साहले जनस्तरबाटै बहिरा सरकारलाई दबाब दिनुपर्ने बताए ।

आम बिद्यार्थी मोर्चाका बारा अध्यक्ष कृष्ण साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आजपाका बरिस्ठ उपाध्यक्ष उपेन्द्र साह, उपाध्यक्ष अशोक लामा, महासचिव त्रिभुवन साह, अशोक राई नेतृत्वको जसपाका नेता एंव संबिधान सभा सदस्य प्रमोद गुप्ता, जसपाकै नेता एंव मधेस प्रदेश सभाका पुर्व बिधायक पारस साह, नेकापा (माओबादी केन्द्र) कलैया नगरकमिटी अध्यक्ष मुकेश साह आजापा सचीव उमेश कुशवाहा, जनमत पार्टी बारा ईन्चार्ज शिवनाथ पटेल, आम महिला मोर्चाका अध्यक्ष कुमारी बबिता, आम दलित मोर्चाका अध्यक्ष ठागा दास, आम विद्यार्थी मोर्चाका अध्यक्ष बिबेक साह आजपा नेताहरु बिजय यादव निर्बिज, श्रीनारायण पटेल, राजकिशोर साह सहित विभिन्न पार्टीका नेताकार्यकर्ता सर्वसधारण लगायतको विशेष सहभागिता रहेको थियो ।

# "चीनले पार्टीको नाममा मात्रै किन सहयोग दिन्छ ?"



काठमाडौं । नेपालमा हालै अबिरल वर्षाका भएका जनधनको क्षतिमा चीन सरकारले गरेको सहयोगको बौद्धिक व्यक्तित्वहरुले आलोचना गर्न थालेका छन् । हाम्रा कुनै छिमेकी मुलुक वा मित्रराष्ट्रले विपदमा सहयोग वा राहत दिँदा नेपाल सरकारमार्फत दिने गरेका छन् । तर चीनले नेपाल सरकारलाई नभई केही राजनीतिक दलको नाममा सहयोग उपलब्ध गराउन थालेको छ । वरिष्ठ सञ्चारकर्मी जीवराम भण्डारीले सामाजिक सञ्जालमा भनेका छन्, 'मैले नबुझेको पो हो कि ? बाढीपीडित हुने नेपाली ,त्यो नेपाली जनताको आधिकारिक तालुकदार नेपाल सरकार । नेपाल सरकार मार्फत पीडित जनतालाई कुनै पनि देशले आर्थिक सहयोग ,चन्दा ,दान वा बकस जे दिन मन छ स्वीकृत गरे दिने होला ? यहाँ त पीडितको नाममा पार्टी र उसका नेतालाई चेक हस्तान्तरण गरेको देखिन्छ । यतिमात्र छैन ,हरेक पार्टी खासगरी ६ पार्टीलाई अलग्गै चेक पार्टीनै पिच्छे दिएको सुन्नमा पनि आएको छ ?'

यसमा कांग्रेस ,एमाले ,माओवादी केन्द्र ,राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीको नाम लिइन्छ । 'चीनले मात्रै किन पार्टीका नाममा दिएछ ?' भनी वरिष्ठ सञ्चारकर्मी भण्डारीले आशंका व्यक्त गरेका छन् । उनी भन्छन्, 'अब अरु देशको पनि पालो आउने होलान् । उनले पनि हेरेकै होलान् ? आखिर पीडित गरिब दुखी नेपाली हुन कि पार्टीको नेतृत्व ? खुट्याउन नसकेर लेखेको ? कुरा चीनको दूतावास र चीन सरकारको । यसअघि भारतले पनि भूकम्प पीडितको नाममा आफ्ना हितका नेतालाई यस्तै ढंगले सहयोग उपलब्ध गराएको अझै याद छदैछ ।'

यसैगरी, राजनीतिक विश्लेषक एवं मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा.राजेश अहिराजले पनि चीन सरकारको यस्तो कार्यप्रति आलोचनात्मक टिप्पणी गरेका छन् । उनले भनेका छन्, 'सरकारलाई सहयोग गर्नु पर्ने । पार्टीलाई होइन, छिमेकीको यो काम अनुचित हो ।

# उपन्यासकार डा.उपाध्यायलाई सातौं मानार्थ विद्यावारिधि

काठमाडौं । विश्व कीर्तिमानी गीतकार तथा उपन्यासकार डा. डीआर उपाध्यालाई सातौं मानार्थ विद्यावारिधिको प्रमाणपत्र अर्पण गरिएको छ । भारतको जयपुरमा भएको एक विशेष समारोहमा इटलीको कुनेओ युनिभर्सिटीले उनलाई विद्यावारिधिको प्रमाणपत्र प्रदान गरेको हो । डा. उपाध्यायले गीत र साहित्यमा पुऱ्याएको योगदानको मूल्यांकन गर्दै उक्त विद्यावारिधिको प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ । सो समारोहमा अन्य विशिष्ट व्यक्तित्वलाई पनि मानार्थ विद्यावारिधिको प्रमाणपत्र प्रदान गरिएको थियो ।

डा.उपाध्यायले सन् २०० मा विधावारिधि गरिसक्नु भएको छ । डा. उपाध्यायलाई अमेरिकालगायत अन्य विश्व विद्यालयले यसअघि ६ वटा मानार्थ विद्यावारिधिको प्रमाणपत्र प्रदान गरेका छन् । डा. उपाध्यायले गीत संगीत र विविध विधामा १५३ विश्व कीर्तिमान कायम गर्नुभएको छ । यस्तै, उहाँका एक दर्जन बढी उपन्यास, तीन गीति पुस्तक र ३६ एल्बम सार्वजनिक भएका छन् । दुई सय पचासको हाराहारीमा गीत सार्वजनिक गर्नुभएका उपाध्यायका सयौं गीतका भिडियो पनि सार्वजनिक छन् ।

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

## विश्व परिवेश

# वित्तमन्त्री मेक्सिको र अमेरिका भ्रमणमा जाँदै

भारतका संघीय वित्त मन्त्री निर्मला सीतारमण १६ देखि २६ अक्टोबर २०२४ सम्म मेक्सिको र संयुक्त राज्य अमेरिकामा एक महत्वपूर्ण आधिकारिक भ्रमणमा जान लागिरहेकी छन्। यो १०-दिनको भ्रमणले अन्तर्राष्ट्रिय फोरममा उच्चस्तरीय छलफलहरू र प्रमुख वैश्विक शक्तिहरूसँगको द्विपक्षीय वार्ताहरूलाई समेट्नेछ, जसले भारतको आर्थिक सम्बन्धलाई सुदृढ गर्ने उद्देश्य राख्दछ।

सीतारमणको कार्यसूचीमा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकका वार्षिक बैठकहरूमा भाग लिने, जि २० वित्त मन्त्रीहरू र केन्द्रीय बैंक गभर्नरहरूको बैठक, र वैश्विक नेता र वित्तीय संस्थाहरूका साथ विभिन्न द्विपक्षीय सम्वादहरू समावेश छन्। यो भ्रमणले भारतको एक उदाउँदो आर्थिक शक्ति र चाहनाका लगानी गन्तव्यको रूपमा स्थिति बलियो बनाउने लक्ष्य राख्दछ।



सितारमण १७ देखि २० अक्टोबर २०२४ सम्म मेक्सिकोमा रहनेछिन्, जुन उनको यो देशको पहिलो भ्रमण हो। यो भ्रमण भारत-मेक्सिको आर्थिक र व्यापारिक सम्बन्धको बढ्दो महत्त्वलाई उजागर गर्दछ।

ग्वाडलाजारामा शुरू गर्दै, वित्त मन्त्रीले एक प्राविधिक नेताहरूको गोलमेच सम्मेलनको अध्यक्षता गर्नेछिन्, जसमा क्षेत्रका प्रमुख भारतीय सूचना प्रविधि कम्पनीहरूको प्रतिनिधित्व गर्नेछ। ग्वाडलाजारा, जसलाई "मेक्सिकोको सिलिकन भ्याली" भनिन्छ, एक समृद्ध सूचना प्रविधि पारिस्थितिकी तन्त्रको घर हो, र टाटा कन्सल्टेन्सी सर्भिसेज जस्ता भारतीय टेक कम्पनीहरूले यस क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्दैछन्।

सूचना प्रविधि क्षेत्रका साथ साथै, सीतारमणले ग्वाडलाजारामा टाटा कन्सल्टेन्सी सर्भिसेजको मुख्यालयमा पनि भ्रमण गर्नेछिन्, जुन भारत र मेक्सिकोबीचको सूचना प्रविधि क्षेत्रमा सहकार्यको प्रतीकको रूपमा मानिन्छ। यहाँको ध्यान आर्थिक सम्बन्धलाई गहिरो बनाउन र डिजिटल अर्थतन्त्रमा सहकार्यका अवसरहरूको अन्वेषणमा हुनेछ।

फाइनान्स मन्त्रीले मेक्सिकोका वित्त मन्त्री रोजेलियो रामिरेज डे ला ओसँग पनि भेट गर्ने कार्यक्रम रहेको छ। दुवै नेता व्यापार, लगानी, र आर्थिक विकासका रणनीतिहरूको बारेमा छलफल गर्ने अपेक्षा गरिएको छ। यसका साथै, सीतारमणले मेक्सिकी संसदका सदस्यहरूसँग छलफल गर्नेछन्, जसले संसदीय सहयोगलाई सुदृढ गर्ने र आर्थिक विकासका पहलहरूलाई अघि बढाउनेछ। उनको मेक्सिकोमा रहेको मुख्य घटनाहरूमा भारत-मेक्सिको व्यापार र लगानी सम्मेलन समावेश हुनेछ। सीतारमणले एक प्रमुख भाषण दिनेछिन्, जसले भारतको नीति प्राथमिकताहरूलाई र विदेशी लगानीका लागि आकर्षक गन्तव्यको रूपमा देशलाई प्रदर्शन गर्नेछ। यस घटनामा दुबै देशका प्रमुख उद्योगपतिहरूको सहभागिता हुनेछ, जसले द्विपक्षीय व्यापार र लगानी सम्बन्धहरूलाई सुदृढ गर्न लक्ष्य राख्दछ।

मेक्सिको भ्रमणपछि, सीतारमण २० देखि २६ अक्टोबर २०२४ सम्म संयुक्त राज्य अमेरिकामा यात्रा गर्नेछिन्। यस चरणको भ्रमणमा, उनी वासिङ्टन, डी सीमा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकका वार्षिक बैठकहरूमा भाग लिनेछिन्। यी बैठकहरूले विश्व आर्थिक प्रवृत्तिहरू, नीति चुनौतीहरू, र विकास वित्तको बारेमा महत्वपूर्ण प्लेटफर्मको रूपमा कार्य गर्नेछन्।

यसबाहेक, उनी जि २० वित्त मन्त्रीहरू र केन्द्रीय बैंक गभर्नरहरूको ४ थो बैठकमा पनि भाग लिनेछन्, जहाँ विश्वका प्रमुख अर्थतन्त्रहरू बीचको आर्थिक सहयोग र दिगो विकासमा ध्यान केन्द्रित हुनेछ।जि२० संयुक्त बैठकमा पनि सीतारमणको सहभागिता हुनेछ, जसले जलवायु परिवर्तनदेखि लिएर विश्व वित्तीय शासनको विषयमा छलफल गर्नेछ।

सीतारमणको कार्यक्रम अमेरिकी भ्रमणमा प्रमुख देशहरूको वित्त मन्त्रीहरूसँग द्विपक्षीय बैठकहरूमा भाग लिनेछन्, जसमा बेलायत, स्विजरल्याण्ड, र जर्मनीका मन्त्रीहरू समावेश छन्। उनी विश्व बैंक, एशियाई विकास बैंक , र युरोपेली पुनर्निर्माण र विकास बैंक जस्ता प्रमुख वित्तीय संस्थाहरूका प्रमुखहरूसँग पनि छलफल गर्नेछिन्।

न्यूयोर्क सिटीमा, वित्त मन्त्रीले न्यूयोर्क स्टक एक्सचेन्जमा पेन्सन फंड गोलमेच सम्मेलनमा भाग लिनेछिन्, जहाँ उनी भारतको पेन्सन क्षेत्रमा विदेशी लगानी आकर्षित गर्ने रणनीतिहरूको बारेमा छलफल गर्नेछिन्। थप रूपमा, उनले शैक्षिक संस्थाहरूसँगको अन्तरक्रियामा भाग लिनेछिन्, जसले पेन्सिल्वेनिया विश्वविद्यालयको व्हार्टन स्कूल र कोलम्बिया विश्वविद्यालयका विद्यार्थीहरू र संकायसँग संवाद गर्नेछन्।

युएसएमा उनका भ्रमणको एक प्रमुख विशेषता ग्लोबल सोभरेन डेब्ट गोलमेचमा सहभागिता हुनेछ। यसमा, उनले आपतकालीन पूर्वाधारको लागि आर्थिक समाधानका बारेमा छलफल गर्नेछन्, जसको आयोजना कोलिशन फॉर डिजास्टर रिसिलिएंट इन्फ्रास्ट्रक्चर र सेन्टर फॉर स्ट्राटेजिक एन्ड इन्टरनेशनल स्टडीजद्वारा गरिएको छ।

सीतारमणको भ्रमणको दौरान, उनले भारतको नीति प्राथमिकताहरू र विश्वव्यापी लगानी गन्तव्यको रूपमा देशको बढ्दो आकर्षणलाई उजागर गर्ने लक्ष्य राख्नेछिन्। भारतको आर्थिक उदयले गति प्राप्त गरिरहेको अवस्थामा, व्यवसायी नेताहरू, लगानीकर्ताहरू, र सरकारी अधिकारीहरूसँगका उनका छलफलहरूले भारतलाई वैश्विक अर्थतन्त्रमा एक प्रमुख खेलाडीको रूपमा अझै सुदृढ गर्ने अपेक्षा गरिएको छ।

कुल मिलाएर, सीतारमणको मेक्सिको र संयुक्त राज्य अमेरिकामा गरिएको भ्रमणले भारतको आर्थिक र कूटनीतिक सम्बन्धलाई प्रमुख वैश्विक शक्तिहरूसँग सुदृढ गर्ने अपेक्षा गरिएको छ। प्राविधिक नेताहरू देखि वित्तीय संस्थाहरू सम्मका विविध हितधारकहरूसँगको सहभागिता गर्दै, यो भ्रमणले विश्वव्यापी आर्थिक मञ्चमा भारतको उचाइ र लगानीको केन्द्रको रूपमा संभावनालाई उजागर गर्दछ। -इण्डिया न्यूज नेटवर्क




## जिल्ला समाचार

### कोषको निर्माणाधीन भवन अवलोकन

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले मैथिली विकास कोषको जनकपुरधाम उपमहानगरपालिका-८ स्थित निर्माणाधीन भवनको बिहीबार भ्रमण अवलोकन गरेका छन् । मुख्यमन्त्री सिँहलाई कोषका अध्यक्ष जीवनाथ चौधरी, नेपाली काँग्रेसका नेता एवम् पूर्वमन्त्री रामसरोज यादव, नेपाली काँग्रेस धनुषाका उपसभापति गणेश झा, प्रमोद चौधरी, श्याम शशिलगायतले स्वागत गरेका हुन् । प्रदेश सरकारको सात करोड रूपैयाँको लगानीमा पाँच कट्ठा क्षेत्रफलभित्र निर्माण भइरहेको कोषको भवनमा साँस्कृतिक सङ्ग्रहालय, पुस्तकालय, मिथिला लोकचित्रकला प्रशिक्षण केन्द्र, कला प्रदर्शनी कक्ष, श्रव्यदृश्य कार्यसम्पादन कक्ष, सेमिनार हल लगायत रहनेछन् । तत्कालीन जिल्ला विकास समिति धनुषाले गत २०५८ सालमा स्थापना गरेको कोषले दुई वर्षको अन्तरालमा जनकपुर साहित्य महोत्सव तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सवको आयोजना गर्दैआएको छ । कोषले गत तीन वर्षयता मासिक कथा एवम् कवि गोष्ठी आयोजना गरिरहेको छ । मैथिली भाषा एवम् साहित्यसँग सम्बन्धित एक दर्जनभन्दा बढी पुस्तक प्रकाशन गरिसकेको कोषले ५१-५१ हजार राशिको पुरस्कारसमेत स्थापना गरेको छ ।

### 'कर्मचारीको वृत्तिविकासका लागि सरकार प्रतिबद्ध'

जनकपुरधाम । स्वास्थ्य सेवाका सिअहेब अधिकृतहरूलाई एकपटकका लागि सातौं तह कायम गर्नेगरी कानुन संशोधन भएमा स्वास्थ्य सेवा प्रणाली ध्वस्त हुने भन्दै त्यसो नगर्न हेल्थ असिसटेन्ट संघ नेपालको मधेश प्रदेश समितिले मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहलाई ज्ञापनपत्र बुझाएको छ । ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री सिँहले स्वास्थ्य सेवा प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनेगरी नै कर्मचारीको वृत्तिविकाससम्बन्धी व्यवस्था हुने बताए । उनले संघ तथा अन्य प्रदेशका अभ्यासहरूको समेत अध्ययन गरी मात्र कुनै निर्णय लिइने पनि उल्लेख गरे । संघले सिअहेब अधिकृतहरूले एकपटकका लागि सातौं तह माग गरी ज्ञापनपत्र बुझाएको विषय पन्चानब्बे प्रतिशत स्वास्थ्यकर्मीलाई अमान्य हुने जनाउँदै त्यसअनुसार व्यवस्था भए शैक्षिक योग्यता र प्राविधिक ज्ञान तथा सिपबिना बढुवा हुने तथा त्यसबाट वरिष्ठ कर्मचारी कनिष्ठ हुने बेथिति सिर्जना हुने जनाएको छ । संघका प्रदेश संयोजक धीरेन्द्रकुमार यादवले शैक्षिक योग्यताको अपहेलना हुनेगरी सीमित स्वास्थ्यकर्मीको वृत्तिविकासका लागि सिअहेब अधिकृतहरूले एकपटकका लागि सातौं तहमा बढुवा माग गरेको भन्दै त्यस्तो भएमा स्वास्थ्य सेवाको रिफरल प्रणाली नै सङ्कटमा पर्ने बताए । उनले सिअहेब अधिकृतहरूको बढुवा माग संघीय स्वास्थ्य सेवा ऐन २०५३, स्वास्थ्य सेवा नियमावली २०५५, कर्मचारी समायोजन ऐन २०७५ तथा राष्ट्रिय स्वास्थ्य नीति २०७६ को मर्मविपरीत भएको दाबी गरे । स्वास्थ्य सेवा ऐनअनुसार प्रवेशिका शैक्षिक योग्यतापछि १८ महिने तालिमप्राप्त अहेबको सेवा प्रवेश खरिदार सरहमा भएर तहवृद्धि भएर छैंटौं तहसम्म जाने व्यवस्था छ । नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९(१) अनुसार अधिकतम दुई तहसम्म स्तर तथा तहवृद्धि हुने प्रावधान छ । जसअनुसार चौथो तहबाट सेवा प्रवेश गरेका अहेब र अनमीलाई अहेब तथा अनमीलाई पाँचौ तह र सिअहेब र सिअनमीलाई छैंटौं तहसम्म जाने व्यवस्था छ । मधेश प्रदेशको स्थानीय सेवाको गठन, सञ्चाल र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा शैक्षिक योग्यताका आधारमा तहवृद्धि हुने प्रावधान छ । त्यसअनुसार छैंटौं तहमा समायोजन भएका सिअहेब अधिकृतहरूले एकपटकका लागि सातौं तह माग गरिरहेका छन् । सिअहेब अधिकृतहरूको माग सम्बोधन गर्न मधेश प्रदेशको स्थानीय सेवाको गठन, सञ्चाल र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन संशोधन गर्नुपर्ने हुन्छ ।

### सामाजिक परीक्षण सम्पन्न

कपिलवस्तु । पिस नेपाल कपिलवस्तुको आर्थिक वर्ष २०८०।८१ को सामाजिक परीक्षण कार्यक्रम सम्पन्न भएको छ । कपिलवस्तु नगरपालिका वडा नं १२ को सभाहलमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा संस्थाकी कार्यक्रम संयोजक शिवकला पाण्डेयले संस्थाले बार्षिक रुपमा संचालन गरेका क्रियाकलाप तथा बजेटहरुको बारेमा प्रस्तुति गरेकी थिइन् । कारितास नेपालको सहयोगमा कपिलवस्तु नगरपालिका, विभिन्न स्थानीय पालिकाहरुको सहकार्यमा क्षमता विकास कार्यक्रम, सेभ द चिल्डेनको समन्वयमा विपद् व्यवस्थापनका कार्यक्रमहरु संचालन गरेको कार्यक्रममा प्रस्तुत गरिएको थियो । कार्यक्रममा सरोकारवलाहरुबाट उठेका सवालहरुको संस्थाका प्रतिनीधीहरुले जवाफ प्रदान गरेका थिए । कार्यक्रममा कपिलवस्तु वडा नं १२ का वडा अध्यक्ष इन्सान अलि धुनियांले सामाजिक संस्थाहरुको योगदानले समाजमा परिवर्तन आएकोले थप सचेतनामुलक कार्यक्रमहरु संचालन गर्नको लागि सुझाव प्रदान गरे त्यसको लागि वडा कार्यालय र नगरपालिकाले समन्यव गर्ने बताए । त्यस्तै नगरपालिकाका सामाजिक विकास अधिकृत पदमराज श्रेष्ठले संस्थाले गरेका काम सरोकारवाला र समुदायमा राख्दा पारदर्शिता हुने बताए । साथै लाभग्रँही संग प्रतक्ष संवाद गर्दा संस्थालाई आगामी दिनमा योजना वनाउन र गुनासो सम्बोधन गर्नको लागि सामाजिक परिक्षण महत्वपुर्ण हुने बताए । संस्थाको सामाजिक परिक्षणको सहजिकरण गैर सरकारी संस्था महासंघका जिल्ला अध्यक्ष जय प्रकाश पाण्डेयले गरेका थिए । सरोकारवाल तथा लाभाग्राही तथा समन्वकर्ताहरु बाट आएको सुझावहरुलाई संस्थाले आगामी बर्षको योजनामा थप गरेर सम्बोधन गर्ने संस्थाका कार्यकारी सदस्य शिव कुमार ढाडीले बताए ।

### १२ उच्च प्रभावका परियोजनामा हस्ताक्षर



काठमाडौं । भारत सरकारको अनुदान सहायता अन्तर्गत नेपालका शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी र संस्कृति क्षेत्रमा कार्यान्वयन हुने १२ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाका समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

भारत सरकारको कूल अनुमानित लागत नेरु. ४७.४ करोड अनुदान सहायता अन्तर्गत नेपालमा शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी र संस्कृति क्षेत्रमा १२ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनालाई अघि बढाउन भारतीय राजदूतावास, काठमाडौं, नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशाशन मन्त्रालय र नेपाल सरकारका परियोजना कार्यान्वयन निकायहरुबीच शुक्रबार समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको हो ।

यी १२ वटा परियोजनाहरु क्रमश: १)ओखलढुङ्गाको सिद्धिचरण नगरपालिकास्थित श्री राज्यलक्ष्मी माध्यमिक विद्यालयको विद्यालय भवनको निर्माण २) ओखलढुङ्गाको मानेभञ्ज्याङ गाउँपालिकास्थित श्री स्वर्णन्तरल आधारभूत विद्यालयको विद्यालय भवनको निर्माण ३) भोजपुरको अरुण गाउँपालिकास्थित अरुण बहुउद्देश्यीय प्रतिष्ठान भवनको निर्माण ४) दैलेखको दुल्लू नगरपालिकास्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुउद्देश्यीय भवनको विद्यालय भवनको निर्माण ५) सप्तरीको सुरुङ्गा नगरपालिकास्थित श्री जनता माध्यमिक विद्यालयको विद्यालय भवनको निर्माण ६) मोरङको सुन्दरहरैंचा नगरपालिकास्थित श्री पञ्चायत माध्यमिक विद्यालयको विद्यालय भवनको निर्माण ७) चितवनको रत्ननगर नगरपालिकास्थित बछौली माध्यमिक विद्यालय भवनको निर्माण ८) सोलुखुम्बुको सोताङ गाउँपालिकामा बसेपु-हुलु खानेपानी आयोजनाको निर्माण ९) सुनसरीको इनरुवा नगरपालिकास्थित श्री त्रिभुवन माध्यमिक विद्यालयको विद्यालय भवनको निर्माण १०) बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकामा खाद्यान्न सङ्कलन तथा वितरण केन्द्रका लागि कृषि प्रवर्द्धन केन्द्रको लागि भवन निर्माण ११) धादिङको खनियाबास गाउँपालिकामा स्वास्थ्य चौकी-प्रसुति केन्द्रको निर्माण र १२) दाङको तुलसीपुर उप-महानगरपालिकास्थित राप्ती आँखा अस्पतालको अपरेशन थिएटर भवनको निर्माण रहेका छन् ।

यी परियोजनाहरु नेपाल सरकारका स्थानीय निकायहरु जस्तैं महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाहरुमार्फत कार्यान्वयन गरिनेछन् ।

यी परियोजनाहरुको निर्माणले स्थानीय समुदायलाई राम्रो शैक्षिक, स्वास्थ्य सेवा, खानेपानी, कृषि उपज भण्डारण र सांस्कृतिक सुविधाहरु उपलब्ध गराउन मद्दत गर्नेछ ।

सन् २००३ यता भारतले नेपालमा आज समझदारीपत्रमा हस्ताक्षर भएका १२ वटा परियोजनाहरुसहित ५६३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाएको छ र भुँइतहमा नेपालका सातवटै प्रदेशमा शिक्षा, स्वास्थ्य, सडक तथा पुल, रिभर ट्रेनिङ्ग, खानेपानी, विद्युतीकरण, सिंचाइ, संस्कृति, समाज कल्याण र अन्य सार्वजनिक संरचनाको निर्माण जस्ता क्षेत्रमा ४९० वटा परियोजनाहरु सम्पन्न गरिसकेको छ । बाँकी अन्य परियोजनाहरु विभिन्न चरणमा संचालित छन् ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तार गर्दै नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# गान्धी जयन्ती तथा विश्व अहिंसा दिवस मनाइयो

काठमाडौं । विश्व अहिंसा दिवस तथा १५५ औँ महात्मा गान्धी जयन्ती नेपालमा पनि मनाइएको छ । गान्धी जयन्ती तथा विश्व अहिंसा दिवसका अवसरमा बुधबार काठमाडौंस्थित भारतीय राजदूतावासले विशेष कार्यक्रम गरेको हो ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले दूतावास परिसरमा रहेको महात्मा गान्धीको शालीकमा माल्यार्पण गरेका छन् । उनले त्यसक्रममा महात्मा गान्धीप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए । उक्त क्रममा चर्चित ब्यान्ड सुरसुधाकी सरस्वती खत्रीले महात्मा गान्धीको समर्पणमा सांगीतिक प्रस्तुति दिएकी छन् ।

यो दिवसको कार्यक्रममा नेपाल चर्खा प्रचारक गान्धी-तुलसी स्मारक महागुठीका सदस्यहरू पनि सहभागी भएका छन् । त्यसक्रममा राजदूत श्रीवास्तवले दूतावासभित्रका सरसफाइ कामदारलाई सम्मानसमेत गरेका छन् ।



संयुक्त राष्ट्र सङ्घको महासभाले सन् २००७ मा महात्मा गान्धीको जन्म दिनलाई विश्व अहिंसा दिवसको रूपमा मनाउने प्रस्ताव पारित गरेपछि हरेक वर्ष अक्टोबर २ का दिन यो दिवस मनाइन्छ । अहिंसा दिवस मनाउनेसम्बन्धी १५ जून २००७ मा महासभाद्वारा पारित सङ्कल्प प्रस्तावमा 'शिक्षाको माध्यमबाट जनतामा अहिंसाको व्यापक प्रचार गर्नुपर्छ । अहिंसाको सिद्धान्त सहिष्णुता तथा शान्तिको माध्यमबाट नै सुरक्षित गर्न सकिन्छ, भनिएको छ । महासभामा भारतद्वारा प्रस्तुत प्रस्तावलाई नेपाललगायत विश्वका १४० मुलुकले समर्थन गरेका थिए ।

# 'नेपालमा क्रान्ति धेरै भयो, अब गान्धी विचारधारा पछ्याउनु पर्छ'

काठमाडौं । नेपाली भूमिमा लामो समयदेखि क्रान्तिको अभ्यास धेरै भए पनि सार्थक निकाष नभएकोले अब गान्धी बिचारधारालाई अवलम्बन गर्नु पर्नेमा वक्ताहरुले जोड दिएका छन् । बुधबार काठमाडौंको संवाद डबलीमा गान्धी शान्ति प्रतिस्ठान नेपालले आयोजना गरेको '१५५औं गन्धी जयन्ती'को अवसरमा वक्ताहरुले हिंसा भन्दा शान्तिपूर्ण बाटोबाटै देशलाई निकाष दिनु पर्नेसमेत बताए ।

सो कार्यक्रममा प्रा.डा.सुरेन्द्र केसीले दक्षिणी छमेकी मुलुक भारतलाई ब्रिटीस साम्रज्यको बर्बरताबाट मुक्त गर्ने गान्धी बिचारधारा नेपालमा मात्रै नभएर विश्वभरी नै सान्दर्भिक रहेको बताए । केसीले गान्धीको योगदानको चर्चा गर्दै भने,"गान्धीका समकालिन् अरु नेताहरुले हिंसात्मक लडाई लडे पनि अन्तिममा गन्धीको 'भद्र अवज्ञा' आन्दोलनले मात्रै पार पायो, यो नेपालीले पनि बुझ्नु पर्छ ।"

केसीले गान्धीको शान्तिवादी असहयोग आन्दोलनको प्रश्तावमाथि तत्कालिन राज नेताहरुले हास्यास्पदरुपमा लिएको र ब्रिटिसहरुले पनि सामान्य लिए पनि अन्ततः गान्धी नै सहि सावित भएको बताए ।

पूर्व साम्सद हरिचरण साहले नेपालमा कहिले काँग्रेस त कहिले कम्युनिस्टको नाममा हत्या हिंसा चलेता पनि त्यसले देशलाई फाइदा भन्दा घाटा गरेकोप्रति आक्रोष व्यक्त गर्दै, गान्धीको बाटो आवलम्बन गर्न सुझाए ।

आयोजक संस्था गान्धी शान्ति प्रतिस्ठानका प्रमुख सल्लाहकार डा.चन्द्र कुमार सेर्माले गान्धी सिद्धान्तको आवश्यकताको बारे प्रष्ट्याउँदै नेपाल सर्व धर्म, शान्ति र अहिंसाको बाटोमा अघि बढ्न आवश्यक रहेको सन्देश दिए ।

प्रतिस्ठानका अध्यक्ष डा.लालबहादुर रानाले नेपाल र नेपालीले दीर्घकालीन शान्ति तथा विकासको अपेक्षा गरिरहे पनि देशमा असमानता र अशिक्षाको कारण त्यसो हुननसक्नु दुःखत रहेको बताए । गान्धी जयन्तीको अवसरमा सम्पूर्ण नेपाली जनताको शान्ति र समृद्धि अपेक्षालाई सरकारले पूरा गर्नु पर्नेमा जोड दिए ।

गान्धी जयन्तीको अवसरमा समाजसेवीहरु दिलबहादुर राना, प्रेम थुलुङ, भगवती कुमारीलगायतलाई संस्थाले कदर पत्रद्वारा सम्मान गरेको थियो । सो अवसरमा संस्थाको लागि अन्तराष्ट्रिय सदस्यहरु तथा गान्धी शान्ति दूतहरु भारबाट पद्मम श्री डा.विजय कुमार साह, अष्ट्रेलियाबाट डा.हेलेन इडवार्ड, इरानबाट प्राध्यपक डा. रेजा अजिज, लण्डनबाट डा.प्रविन रानीलगायतले भिडियो तथा पत्राचारमार्फत शुभकामना सन्देश पठाएका थिए ।

# बाढीपहिरो प्रभावित परिवारका लागि भारतद्वारा राहत सामग्री हस्तान्तरण




काठमाडौं । नेपालमा हालै आएको बाढी र पहिरोबाट प्रभावित परिवारका लागि आपतकालीन राहत सामग्रीको खेप भारत सरकारका तर्फबाट द्वितीय सचिव नारायण सिंहले बाँकेका प्रमुख जिल्ला अधिकारी श्री खगेन्द्र प्रसाद रिजाललाई हस्तान्तरण गरेका छन् ।

टारपोलिन, स्लीपिङ्ग ब्याग, कम्बल, क्लोरिन ट्याब्लेट र पानीका बोतल सहितको ४.२ टनको उक्त मानविय सहायताको खेप भारतबाट नेपालगन्ज ल्याई पुऱ्याइएको हो ।

भारत सरकार अन्य अत्यावश्यक सरसफाई सामाग्री तथा औषधीका साथसाथै अन्य राहत सामाग्रीको पनि व्यवस्था गरिरहेको छ जुन छिट्टै उपलब्ध गराइनेछ ।

छिमेकी मुलुक होस् वा अन्य मुलुक संकटको बेला भारत सदैव पहिलो रेस्पोन्डरको रुपमा रहेको छ । २०७२ सालको भूकम्पपछि नेपाललाई सहयोग गर्न भारत सरकारले सबैभन्दा सुरुमा तत्परता देखाएको थियो र बाह्य मुलुकमा अपरेशन मैत्री नामक सबैभन्दा ठूलो विपद् राहत अभियान सञ्चालन गरेको थियो । भारतले २०८० साल कार्तिकमा जाजरकोटमा भूकम्प गएपछि पनि राहत सामाग्री उपलब्ध गराई सहयोग गरेको थियो ।

हालै आएको बाढी र पहिरोले निम्त्याएको विनाशमा नेपाल सरकारलाई हरसम्भव सहयोग गर्न भारत सरकार तत्पर छ ।

# भारतीय सेना मेजर र गोर्खा राइफल्सका कर्णेल अफ दी रेजिमेन्टद्वारा नेपाल भ्रमण

काठमाडौं । भारतीय सेनाका मेजर जनरल चरणजीत सिंह देवगन, वाइएसएम, कर्णेल अफ दी रेजिमेन्ट, ३ गोर्खा राइफल्सको नेपाल भ्रमण नेपाल भ्रमण सम्पन्न भई स्वदेश फर्किएको छ ।

भारतीय सेनाका मेजर जनरल चरणजीत सिंह देवगन, वाइएसएम, कर्णेल अफ दी रेजिमेन्ट, ३ गोर्खा राइफल्स नेपालको छ दिने औपचारिक भ्रमणका लागि आश्विन १४ गते काठमाडौं आइपुगेका थिए । उनीहरुलाई स्वागत गर्न नेपालका लागि भारतीय रक्षा सहचरी कर्णेल वी सुब्रमण्यम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुगेका थिए ।



जनरलले पोखराको पनि भ्रमण गरे र त्यहाँ भूतपूर्व सैनिक ऱ्यालीमा वीरता पुरस्कार विजेता र वीर नारीलाई सम्मान गरे ।

नेपाल भ्रमणका क्रममा उनले रक्षा प्रभागका विभिन्न शाखा र भूतपूर्व सैनिक अंशदायी स्वास्थ्य योजना (ईसीएचएस) पोलिक्लिनिकको भ्रमण गरे । उनले हाम्रा वीर भूतपूर्व सैनिकको सेवामा ईसीएचएस नेपालको पहुँचलाई अझ अगाडी बढाउने कुरामा जोड दिए ।

नेपालसँग भारतको द्विपक्षीय सैन्य सम्बन्धलाई अझ अघि बढाउने र दुई देशका सेनाबीचको सम्बन्धलाई सुदृढ पार्ने विषयमा छलफल गर्न भ्रमणका क्रममा जनरलले नेपाली सेनाका प्रधानसेनापति महारथी अशोक राज सिग्देलसँग नेपाली सेनाको मुख्यालयमा शिष्टाचार भेटवार्ता गरेका थिए ।

मेजर जनरल चरणजीत सिंह देवगनले उनको सफल र फलदायी छ दिने नेपाल भ्रमण आश्विन १९ गते सम्पन्न गरेका हुन् । उनले दुवै देशको द्विपक्षीय सम्बन्धलाई अघि बढाउन खेलेको कुशल व्यावसायिक भूमिका र नेपालमा भूतपूर्व सैनिकहरुको कल्याणका लागि लिइएका प्रयासका लागि भारतीय राजदूतावासस्थित रक्षा प्रभागका कर्मचारीहरुको प्रशंसा गरेका थिए ।

# भारतद्वारा दशवटा प्रियाब्रिकेटेड स्टील ब्रिजका पार्टपुर्जा हस्तान्तरण




काठमाडौं । भारत सरकारले दशवटा प्रिफ्याब्रिकेटेड स्टील ब्रिज (पुल) का पार्टपुर्जाको पहिलो खेप नेपाल सरकारलाई हस्तान्तरण गरेको छ । नेपाल सरकारबाट अनुरोध गरिएका यी पुलहरुले हालै आएको बाढी र पहिरोका कारण अवरुद्ध भएको सडक कनेक्टिभिटीलाई पुनर्स्थापना गर्न नेपालको पुनर्निर्माण प्रयासलाई सहयोग गर्नेछ ।

नेरु. ३८ करोडभन्दा बढी मूल्यका यी पुलहरु भारत सरकारले अनुदानको रुपमा प्रदान गरेको हो । यी सामानहरु वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवी सहाय मीनाले पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाललाई हस्तान्तरण गरेका हुन् । प्रिफ्याब्रिकेटेड स्टील ब्रिजका बाँकी खेपहरु आगामी दिनमा नेपाल सरकारलाई उपलब्ध गराइनेछ ।

साथै, नेपालमा हालै आएको बाढी र पहिरोबाट प्रभावित परिवारलाई सहयोग गर्न पछिल्लो दुई दिनमा भारतले अत्यावश्यक सरसफाई सामाग्री, औषधी, लाइफ ज्याकेट, स्लीपिङ्ग म्याट, खाद्यवस्तु, इन्फ्लेटेबल रबर बोट, मोटर, टारपोलिन, स्लीपिङ्ग ब्याग, कम्बल, क्लोरिन ट्याब्लेट र पानीका बोतल सहितको २५ टनभन्दा बढीको राहत सामाग्री उपलब्ध गराई मानवीय सहयोग गरेको छ ।

भारत सरकार नेपाल सरकार र नेपाली जनताको आवश्यकता अनुसार राहत सामाग्री र पुनर्निर्माण प्रयासमा हरसम्भव सहयोग गर्न प्रतिबद्ध छ ।

# पेट्रोलियम पाइपलाइन निर्माणसम्बन्धी द्विपक्षीय सम्झौता



काठमाडौं । नेपाल र भारतबीच दुई महत्वपूर्ण पेट्रोलियम पाइपलाइन निर्माणसम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ । आयोजित एक समारोहमा नेपाल आयल निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्ट र इण्डियन आयल कर्पोरेसन लिमिटेडका निर्देशक सेन्थल कुमारले सम्झौतामा हस्ताक्षर गरेका हुन् । सो अवसरमा भारतीय पेट्रोलियम तथा नेचुरल ग्यास मन्त्रालयका सचिव पङ्कज जैन तथा इण्डियन आयल कर्पोरेसनका अध्यक्ष भिसतिस कुमारको उपस्थिति रहेको नेपाल निगमले जनाएको छ । सम्झौताअनुसार भारतको सिलिगुडीबाट नेपालको झापास्थित चारआलीसम्म ५० किलोमिटर लामो पेट्रोलियम पाइपलाइन निर्माण हुनेछ। साथै चारआलीमा १८ हजार नौ सय किलोलिटर क्षमताको 'स्मार्ट ग्रिनफिल्ड टर्मिनल' निर्माण हुनेछ । यस्तै, अमलेखगञ्जबाट चिवनको लोथरसम्म ६२ किमी लामो पेट्रोलियम पाइपलाइन परियोजना पनि भारत सरकारको अनुदानमा निर्माण हुने जनाइएको छ। लोथरमा ९१ हजार नौ सय किलोलिटर क्षमताको स्मार्ट ग्रिनफिल्ड टर्मिनल भारत सरकारको प्राविधिक सहयोगमा नेपाल आयल निगमले निर्माण गर्नेछ। ती आयोजनाको कुल लागत रु १५ अर्ब बराबर रहेको निगमले जनाएको छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणका क्रममा ती आयोजना अगाडि बढाउने सहमति भएको थियो ।


## खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघातजस्ता रोगहरु लाग्न सक्छन् । त्यसैले,

- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारिरीक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं